
वर्तमान सरकारले निर्वाचनमार्फत जिम्मेवारी... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ •अंक २१४ • २०८२ साल पुस १८ गते शुक्रबार (2 January, Friday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-

## नयाँ वर्ष सन् २०२६ को आगमनसंगै जनकपुरधाम भरिभराउ

**टुडे समाचारदाता**

जनकपुरधाम । अन्तर ाष्ट्रिय नयाँ वर्ष सन् २०२६ को आगमनसंगै धार्मिक नगरी जनकपुरधाम भरिभराउ भएको छ।

प्राचीन मिथिलाको राजधानी जनकपुरधाममा भारतीय नागरिक र गाडीले भरिएको छ । जानकी मन्दिर पुग्ने सडकभरि भारतीय नागरिक तथा भारतीय नम्बर प्लेटका सवारीसाधनको लर्को नै लागेको थियो ।

अंग्रेजी नयाँ वर्ष मनाउन जनकपुरधाममा भारतीय पर्यटकहरुको घुँइचो लागेको छ । भगवानको दर्शन र पूजापाठ गरेर नयाँ वर्षको शुरुवात सुखमय होस् भन्ने अभिलाषाका साथ जनकपुरधाममा पर्यटकहरुको घुइँचो नै लागेको छ।

बिहीबार बिहानैदेखि जनकपुरधामस्थित जानकी मन्दिर, राम मन्दिरलगायतका धार्मिक मठमन्दिरहरुमा पर्यटकहरुको घुइँचो नै लागेको छ। जनकपुरधाम नगरभित्र भारतीय सवारीसाधनको चाप बढेको छ। त्यस्तै आन्तरिक पर्यटकीयहरुको पनि घुइँचो नै थियो । त्यस्तै धनुषाको जटही नाका र महोत्तरीको जलेश्वर नाका हुँदै भारतीय पर्यटकहरु अत्यधिक रुपमा जनकपुरधाम



आएका छन् ।

नेपालका साथै भारतको बिहार, उत्तर प्रदेश, राजस्थान, गुजरात, महाराष्ट्र, हरियाणा, दिल्ली, सिमला, उत्तराखण्डलगायत राज्यबाट हजारौँको संख्यामा पर्यटकहरु जनकपुरधाममा माता जानकीको दर्शन गरी पूजाअर्चना गर्ने र जनकपुरधामस्थित नोचा पोखरी, मत्स्यपालन केन्द्र, मणिपाल, ढल्केवरस्थित पोखरीयालगायतका विभिन्न स्थानमा वनभोज गरी रमाइलो समेत गरेका छन् ।

जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोशन दासले मन्दिरमा आजको दिनमा अत्यधिक संख्यामा पर्यटकहरु आएकोमा खुशी व्यक्त गरे ।

सीताको जन्मभूमि रहेको कारणले समेत धार्मिक पर्यटकहरु जनकपुरधाम अत्यधिक रुपमा आउने गरेका छन् । नयाँ वर्षमा अत्यधिक रुपमा पर्यटकहरु आएका कारणले यहाँको व्यापार व्यवसाय समेत राम्रै चलेको छ ।

त्यसैगरी भारतीय पर्यटकले जनकपुरधामका अञ्जनी स्वीट्ससहित अधिकांश होटेल पनि भरिभराउ छन् । युवा उमेर समूहका बढी भारतीय युवाहरू जनकपुरधाममा आएका छन् ।

उनीहरूका कारण अहिले होटेल भरिभराउ भएको जनकपुरधामका होटेल व्यवसायीहरू बताउँछन् । भारतको बिहार राज्य सरकारले रक्सीलगायतका मदिराको विक्रि वितरण बन्द गरेकोले पनि धेरै जसो भारतीय युवा रमाइलो गर्न जनकपुरधाम आउने गरेका छन् ।

### कांग्रेसमा महाधिवेशन विवादको कलह

## महामन्त्रीद्वय विशेषको तयारीमा, संस्थापन पक्षको अवरोध

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसभित्र महाधिवेशन पक्षधर र महाधिवेशन तत्काल नगर्ने पक्षमा रहेका दुई धारबीच द्वन्द्व चर्किएको छ।

कांग्रेस सभापति शेरबहादुर देउवाले पार्टीका दुई महामन्त्री गगन थापा र विश्वप्रकाश शर्मासंग कार्यवहाक सभापति पूर्णबहादुर खड्का र रमेश लेखकको उपस्थितिमा गर्ने भनिएको बैठक एक्कासी रद्द गरे पछि महामन्त्रीद्वय थापा र शर्माले विशेष महाधिवेशन गर्ने निर्णय गरेका छन् ।

सो अनुसार महामन्त्री थापा विशेष महाधिवेशनको प्रतिवेदन लेखनमा व्यस्त देखिएका छन् । त्यसका लागि उनी धुलिखेलस्थित एक होटेलमा छन् ।

त्यस्तै अर्का महामन्त्री विश्वप्रकाश शर्मा सभापतिको बैठकमा जाने तय भए पनि मुख्यसचिव कृष्णप्रसाद पौडेलबाट अचानक बैठक रद्द भएको जानकारी प्राप्त भएको थियो ।

आगामी आमनिर्वाचनको मिति नजिकिँदै गर्दा कांग्रेसमा





नियमित महाधिवेशनको सम्भावना टरेको छ । पुसको अन्तिम साताका लागि आह्वान गरिएको महाधिवेशन स्थगन भइसके पनि यसबारे औपचारिकता रुपमा जानकारी नगराइएको भन्दै महामन्त्री पक्षधरहरू आक्रोशित छन् ।

यता संस्थापन पक्ष यसलाई विफल पार्नका लागि लागिपरेका छन् भने संस्थापन पक्षको अवरोधपछि विद्रोहको तयारीमा महामन्त्रीद्वय लागिपरेका छन् ।

विशेष महाधिवेशन पक्षधर हरूले महामन्त्रीद्वयको नेतृत्वमा यही पुस २७ र २८ गते विशेष महाधिवेशन गर्न भृकुटीमण्डपमा हल बुकिङ गरिसकेका छन् । संस्थापन पक्षले यसलाई पूर्णरुपले बेवास्ता गरेको छ ।

दुवै महामन्त्रीले महाधिवेशन नगरे आगामी चुनावमा उम्मेदवारी नदिने यसअघि नै घोषणा गरिसकेका छन् ।

विधान अनुसार नियमित महाधिवेशन नभएको अवस्थामा पुस २८ अगाडि नै विशेष महाधिवेशन गर्नुपर्ने बाध्यकारी व्यवस्था रहेको छ ।

कांग्रेसको विधानमा विशेष महाधिवेशन हुनसक्ने तीन कारण उल्लेख गरिएको छ । पहिलोमा केन्द्रीय कार्यसमितिले आवश्यक ठानेमा, दोश्रोमा महाधिवेशन प्रतिनिधिमध्ये ४० प्रतिशतले विशेष महाधिवेशनको माग गरेमा तीन महिनाभित्र केन्द्रीय विशेष महाधिवेशन गर्नुपर्ने बाध्यकारी व्यवस्था छ । त्यस्तै तेस्रोमा पार्टी सभापतिले राजीनामा दिएमा उपसभापतिले कार्यवाहक सभापतिको रूपमा राजीनामा स्वीकृत भएको छ महिनाभित्रमा विशेष केन्द्रीय महाधिवेशनको आह्वान गर्नुपर्ने प्रावधान छ ।

महाधिवेशनबारे विवाद चर्किएपछि पार्टी सभापति देउवा नै सक्रिय भएर सहमति जुटाए पनि सोही अनुसार मंसिर १५ गतेको बैठकले पुस २६-२८ गते केन्द्रीय अधिवेशन गर्ने गरी कार्यतालिका पारित गर्दै सार्वजनिक गरिएको थियो ।

स्थगित पनि नगर्ने अनि कार्यतालिका हेरफेर पनि नगर्ने संस्थापनको शैलीप्रति विशेष महाधिवेशन प्रतिनिधिहरूले आपत्ति जनाउँदै अब विशेष महाधिवेशन गराउन माग गरेको छ । यस बीचमा पार्टी सभापति देउवाले विशेष महाधिवेशन हुनै नसक्ने र निर्वाचन अगाडि महाधिवेशन गर्दा त्यसको प्रभाव निर्वाचनमा पर्ने धारण सार्वजनिक गरेका थिए । त्यसपछि दुवै महामन्त्रीको साथमा विशेष महाधिवेशनको पक्षधरहरु बिहीबार भृकुटीमण्डपमा महाधिवेशन गर्ने गरी हल बुक गरेका थिए ।

दुबै महामन्त्रीले संयुक्त रुपमा विज्ञप्ति निकालेर नियमित महाधिवेशनको घोषित कार्यतालिका स्थगित गर्दै क्रियाशील सदस्यता वितरणको काम नरोक्न भन्दै अबको कार्यसमितिको बैठकले अधिवेशनबारे टुंगो लगाउने भनेर लेखेका छन् ।

## नेपाली क्यासिनोमा भारतीय कलाकारको चमक, नेपाली युवाको बिजोग

**अनिल तिवारी**

वीरगञ्ज । नियम-कानुनलाई बेवास्ता गर्दै पर्साको वीरगञ्जमा रहेको एक क्यासिनोमा भारतका भोजपुरी कलाकारलाई ल्याएर लाखौँ रुपैयाँ बटुल्ने कार्यक्रम आयोजना गरिएको खुलासा भएको छ ।

नयाँ वर्ष २०२६ को पूर्वसन्ध्यामा आयोजित उक्त कार्यक्रमले वीरगञ्जको शान्ति-सुरक्षा मात्र होइन, राज्यको कानुनी शासनमाथि नै गम्भीर प्रश्न उठाएको छ ।

वीरगञ्ज महानगरपालिकास्थित आदर्शनगर स्थित किङ क्यासिनोमा आयोजित विशेष मनोरञ्जन कार्यक्रममा नेपाली युवाहरू खुलेआम जुवा खेल्दै लाखौँ रुपैयाँ गुमाएको घटना सार्वजनिक भएपछि क्यासिनो व्यवस्थापन, प्रहरी प्रशासन र राज्य संयन्त्रको भूमिका माथि आलोचना चुलिएको हो ।

सन् २०२५ डिसेम्बर ३१ गते राति बाराका एक नेपाली युवाले क्यासिनोमा करिब २० लाख रुपैयाँ हारेको कुरा खुलासा भएको छ । जिबाको लत लागेको वीरगञ्जका एक यवाले भने, 'यो घटना क्यासिनोभित्र नियमित रूपमा भइरहेका अवैध गतिविधिको एउटा उदाहरण मात्र हो, जसले राज्यको कमजोर निगरानी र स्थानीय प्रशासनको मौनतालाई उजागर गर्छ ।'

भारतीय कलाकार, मदिरा र उत्तेजक कार्यक्रम आयोजन गरी नयाँ वर्षको अवसरमा क्यासिनो भित्र आयोजना गरिएको विशेष कार्यक्रममा भारतको बिहारकी चर्चित भोजपुरी अभिनेत्री अम्रपाली दुबेसहित करिब आधा दर्जन महिला डान्सरहरूले भोजपुरी अश्लील गीत संगीत प्रस्तुत गरेका छन् ।

क्यासिनोमा राति करिब १० बजेदेखि शुरु भएको कार्यक्रममा मदिराबाट लठ्ठ भएका स्थानीय युवाहरुको ठूलो भीड देखिएको प्रत्यक्षदर्शीहरूले बताए ।

अम्रपाली दुबेले राति १२ बजे केक काट्दै नयाँ वर्षको स्वागत गरेकी थिइन् । त्यसपछि केही अश्लील भोजपुरी गीतहरूमा नृत्य प्रस्तुत गरिएको र राति २ बजेदेखि कार्यक्रम अझ छाडा बनेको थियो ।

नेपाली युवाको बाक्लो उपस्थिति क्यासिनोमा बारा र पर्साका ग्रामीण क्षेत्रदेखि वीरगञ्ज, कलैया, गौर र सिमरासम्मका नेपाली युवाहरूको उल्लेख्य उपस्थिति रहेको थियो ।

नेपालको प्रचलित कानुन अनुसार नेपाली नागरिकलाई क्यासिनो प्रवेश पूर्ण रूपमा निषेध



गरिएको छ । तर किङ क्यासिनोमा नेपालीहरू खुलेआम प्रवेश गरी मदिरा सेवन, जुवा खेलाऊने क्रम जारी छ ।

वीरगञ्जका क्यासिनो लतले धेरै युवाहरू आर्थिक रूपमा बर्बाद भइसकेका छन् । कतिपयले सम्पति गुमाएर पारिवारिक विखण्डन र मानसिक संकट भोग्नु परेको घटनाहरू यसअघि पनि सार्वजनिक भइसकेका छन् ।

नेपाली नागरिकको अवैध प्रवेश, मदिरा सेवन, उत्तेजक कार्यक्रम र जुवाजन्य गतिविधि भइरहँदा पनि प्रहरी प्रशासनको प्रभावकारी निगरानी देखिँदैन ।

नियम-कानुन सबैका लागि बराबर नभए देखिएको छ । जेन- जी सरकारको बेलामा पनि वीरगञ्जको स्थानीय प्रहरी प्रशासन उदासीन नै देखिएका छन् ।

नेपालको प्रचलित कानुन अनुसार नेपाली नागरिकलाई क्यासिनो प्रवेशमा पूर्ण रूपमा रोक लगाइएको छ । तर ती क्यासिनोहरूले कानुनको उल्लंघन गर्दै नेपालीलाई प्रवेश दिइ ठूलो रकमको जुवा खेलाउने गरेको र नेपाली युवाहरु लाखौँ रुपैयाँ बर्बादी गरिरहेको पाइएको छ ।

सूचनाका आधारमा कारबाही गरिएको प्रदेश प्रहरी कार्यालय कोशीले जनाएको छ ।

क्यासिनोभित्र नेपाली नागरिकहरू सहज रूपमा जुवा खेलिरहेको देखिए पनि क्यासिनो सञ्चालक र खेल्ने दुवै पक्षलाई कानुनी दायरामा ल्याउनुपर्ने हो । तर यस विषयमा स्थानीय प्रहरी प्रशासन भने मौन देखिएको छ ।

केही साता अघि मात्रै नेपाल प्रहरीका अधिकारीहरूले 'चुम्बकीय तास' र आँखामा हाल्ने लेन्स प्रयोग गरी राजधानीस्थित एक जुवाघरमा भएको ठगीको घटनापछि त्यस्ता अनधिकृत उपकरणहरूले नेपाली क्यासिनोमा प्रवेश पाएको भन्दै सञ्चालकहरूलाई पनि अनुसन्धानको दायरामा ल्याइएको थियो ।

काठमाण्डू जिल्ला प्रहरी परिसरले प्रविधिको दुरुपयोग गरी क्यासिनोमा जुवा खेलेर ठगी गर्ने गिरोहमा संलग्न भएको भन्दै चार भारतीय नागरिकसहित छ जनालाई पक्राउ गरेको छ ।

केही महिनाअघि तत्कालीन मुख्यमन्त्री सतीशकुमार सिंहले वीरगञ्जस्थित आदर्शनगरका दुई क्यासिनो- लर्डस् दियालोको किङ्स क्यासिनो र होटल सुरजको क्यासिनोको अनुगमन गरेका थिए । अनुगमनका क्रममा होटल सुरजको क्यासिनोबाट जुवा खेलिरहेका एक नेपाली नागरिकलाई नियन्त्रणमा लिइएको थियो ।

पछिल्लो समय नेपाली नागरिकहरूले क्यासिनोमा जुवातास खेल्दा गम्भीर सामाजिक, आर्थिक तथा मनोवैज्ञानिक समस्या भोग्नु परेको भन्दै त्यसको निगरानी बढाउन उनले पहल गरेका थिए । त्यतिबेला एक नेपाली नागरिकले क्यासिनोमा ४० लाख रुपैयाँ गुमाएको घटनाबारे जानकारी पाएपछि तत्कालीन मुख्यमन्त्री सिंहले अनुगमन गरेका थिए ।




# क्लोथ बैंकद्वारा कबिर बाल आश्रमलाई न्यानो सामग्री सहयोग




**टुडे समाचारदाता**

जनकपुरधाम । अंग्रेजी नयाँ वर्ष २०२६ को अवसर पारेर क्लोथ बैंक नेपालले मानवतामूलक कार्यको थालनी गरेको छ।

संस्थाका अध्यक्ष डा. राजीव झाको नेतृत्वमा बिहीबार बिहान जनकपुरधामस्थित कबिर बाल आश्रममा रहेका बालबालिकाका लागि न्यानो कपडा तथा सिरक सहयोग प्रदान गरिएको हो।

क्लोथ बैंक नेपालले आश्रमका सञ्चालक सन्त सत्यनारायण आलोकलाई १५ थान ज्याकेट र ७ थान सिरक हस्तान्तरण गरेको छ । जाडो मौसमलाई मध्यनजर गर्दै गरिएको उक्त सहयोगले आश्रममा आश्रित बालबालिकालाई प्रत्यक्ष राहत पुग्ने विश्वास लिइएको छ।

नयाँ वर्षको पहिलो दिन बिहानै अध्यक्ष डा. झाले फोनमार्फत शुभकामना आदान प्रदान गर्दै औपचारिक कार्यक्रमभन्दा सेवामूलक कार्यलाई प्राथमिकता दिएको बताए । 'नयाँ वर्षको शुरुवात नै सेवाबाट हुनु सकारात्मक सन्देश हो,' उनले भने, 'समाजका विपन्न तथा असहाय वर्गका लागि सानो सहयोगले पनि ठूलो राहत दिन सक्छ।'

सहयोग हस्तान्तरण कार्यक्रममा मधेश प्रदेशका डीआईजी गोविन्द थपलिया, समाजसेवी अमरचन्द्र अनिल, क्लोथ बैंक नेपालका उपाध्यक्ष पुरण गुप्ता, कोषाध्यक्ष रुबी झा, बिनोद ठाकुर, कृष्ण कुमार साह, राम टहल यादव, सुदिप महतो तथा पत्रकार बद्रीनाथ झालगायतको उपस्थिति रहेको थियो। कार्यक्रममा बोल्ने वक्ताहरूले क्लोथ बैंक नेपालले विगतदेखि गर्दै आएको निरन्तर मानवीय सेवाको प्रशंसा गर्दै यसले समाजमा सकारात्मक सोच र सहकार्यको भावना विकास गरिरहेको बताए । नयाँ वर्षको शुरुवात नै परोपकारी कार्यबाट गर्नु अन्य संघसंस्थाका लागि पनि प्रेरणादायी उदाहरण भएको उनीहरूको धारणा थियो ।क्लोथ बैंक नेपालले आगामी दिनमा पनि बालबालिका, वृद्ध, असहाय तथा विपन्न वर्गलाई लक्षित गर्दै न्यानो कपडा, खाद्यान्न र आवश्यक सामग्री वितरणका कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ।

# 'हामीले आफ्नो संस्कृति भुल्नुहुँदैन': प्रधानमन्त्री कार्की



काठमाण्डु । प्रधानमन्त्री सुशीला कार्कीले आफ्नो संस्कृति नभुल्न र भावि सन्ततिलाई मौलिक सम्पदा हस्तान्तरण गर्दै लैजान आग्रह गर्नुभएको छ।

नेपाल मगर सङ्घको प्रतिनिधिमण्डलसँगको भेटमा प्रधानमन्त्री कार्कीले आफ्नो मौलिक संस्कार, संस्कृति र परम्पराको जगेर्ना गरी नयाँ पिँढीमा हस्तान्तरण गर्दै लैजानुपर्ने धारणा राख्नुभएको हो । सङ्घका अध्यक्ष ज्ञानेन्द्र पुनमगरको टोली प्रधानमन्त्री कार्कीलाई आउँदो माघेसङ्क्रान्तिमा आयोजना गरिने कार्यक्रममा सहभागिताको निम्तो दिन बालुवाटार आएको हो।

उक्त टोलीसँग कुराकानी गर्दै प्रधानमन्त्री कार्कीले भन्नुभयो, "अब राजनीति होस् या सांस्कृतिक फाँट, युवालाई नै अघि सार्नुपर्छ। विविध मौलिक परम्परा र संस्कृति हाम्रा अमूल्य निधि हुन् । तिनको जगेर्ना गर्दै नयाँ पिँढीलाई हस्तान्तरण गर्दै जानुपर्छ।" उक्त टोलीमा सङ्घका पदाधिकारी, कलाकार तथा जेनजी अभियन्ता पनि सहभागी थिए ।रासस

# तथ्याङ्क दिवसमा हाजरी जवाफ प्रतियोगिता



**टुडे समाचारदाता**

जनकपुरधाम । तथ्याङ्क दिवसको अवसरमा हाजिरी जवाफ प्रतियोगिता जनकपुरधाममा सम्पन्न भएको छ।

तथ्याङ्क दिवस २०८२ को अवसरमा आयोजित हाजिरी जवाफ प्रतियोगितमा सहभागि भएका १६ वटा सामुदायिक तथा संस्थागत विद्यालयहरु याज्ञवल्क्य संस्कृत माध्यमिक विद्यालयले (ज्ञानकूप) प्रथम स्थान हासिल गरेको छ।

'आधिकारिक तथ्याङ्कक, पारदर्शी शासन' मूल नाराका साथ जनकपुरधाम उप-महानगरपालिका क्षेत्र भित्रका १६ वटा सामुदायिक तथा नीजि विद्यालयहरु बीच भएको प्रतिस्पर्धामा सबैभन्दा उत्कृष्ठ प्रदर्शन गर्दै याज्ञवल्क्य संस्कृत माविले (ज्ञानकूप) प्रथम भएको तथ्याङ्क कार्यालय धनुषाका प्रमुख शिवनारायण महतोले जानकारी दिए। हाजरिजवाफ प्रतियोगितामा क्रमश दोश्रो राजर्षि जनक माध्यमिक विद्यालय, तेश्रो हिमाली ईङ्गलिश बोडिङ्ग स्कुल र सान्तवना पुरस्कार सिद्धार्थ शिशु सदनले प्राप्त गरेको छ।

प्रतियोगितामा प्रथम स्थान हासिल गरेका याज्ञवल्क्य संस्कृत माविले (ज्ञानकूप) विजेता स्कुललाई नगद सहित ट्रफि, मेडल र प्रमाणपत्रले सम्मान गरिएको थियो । यसैगरी द्वितिय, तृतिय र सान्तवना विजेतालाई समेत नगद सहित मेडर र प्रमाणपत्रले सम्मान गरिएको तथ्याङ्कक कार्यालय प्रमुख शिवनारायण महतोले जानकारी दिएका छन्।

धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद लुईटेलको प्रमुख आतिथ्यमा भएको सो कार्यक्रममा निजामति सेवामा प्रवेश गरेका तथा तथ्याङ्क समन्वयन कार्यालय धनुषामा कार्यरत तीन जना कर्मचारीलाई समेत सम्मान गरिएको छ। सम्मानित हुनेहरुमा तथ्याङ्कक अधिकृत प्रविण कुमार चौधरी, सह-लेखापाल शंकर पण्डित र कार्यालय सहयोगी सेठलाल दास रहेका छन्।

# नगद तथा गरगहनासहित एक जना पक्राउ

काठमाण्डु। काठमाडौँ महानगरपालिका-४ बालुवाटारबाट ठूलो रकम तथा विभिन्न गरगहना चोरी गरी फरार रहेका व्यक्तिलाई चोरिएको रकमसहित प्रहरीले पक्राउ गरेको छ।

काठमाडौँ उपत्यका प्रहरी कार्यालय रानीपोखरीका अनुसार बालुवाटारको स्र्टोर्म नेटवर्क प्रालिको रु ४८ लाख ७२ हजार र इको भ्याली प्रालिको रु आठ लाख ५८ हजार चोरी गरेका काठमाडौँ महानगरपालिका-२ खुर्सीनिटारका २४ वर्षीय दुर्गाबहादुर केसीलाई पक्राउ गरिएको हो। कार्यालयका प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक प्रविण धितालले यही पुस १२ गते ठूलो रकम चोरी गरेर फरार रहेका उनलाई दाङ प्रहरीको सहयोगमा नगदसहित पक्राउ गरिएको जानकारी दिनुभएको छ।

यही पुस १२ गते राति चोरी गरी फरार रहेका निजलाई खोजतलास गर्ने क्रममा इलाका प्रहरी कार्यालय तुलसीपुर दाङसमेतको समन्वयमा तुलसीपुर उपमहानगरपालिका-६ बाट पक्राउ गरी उनलाई काठमाडौँ ल्याइएको छ। उनको साथबाट प्रहरीले रु ६५ लाख १७ हजारसहित चाँदीको ब्रास्लेट थान १५, चाँदीको सिक्का थान २८ र चाँदीजस्तो देखिने सेतो धातु थान एक र ल्यापटप बरामद गरिएको उपत्यका प्रहरीले आज सार्वजनिक गरेको विवरणमा उल्लेख छ। रासस



# नयाँ वर्ष सन् २०२६ सुरु




काठमाण्डु । ग्रेगोरियन पात्रोअनुसार विहीबारदेखि इस्वी संवत्को नयाँ वर्ष सन् २०२६ सुरु भएको छ। येशु ख्रिस्टको जन्म भएको वर्षदेखि पादरी ग्रेगोरियनले सुरु गरेकाले यसलाई ग्रेगोरियन पात्रो भन्ने गरिएको हो। नयाँ वर्ष सन् २०२६ का अवसरमा यो पात्रो अनुसारको चाड पर्व मान्नेले आज एकापसमा शुभकामना आदानप्रदान गरी मनाउँछन्।

ग्रेगोरियन पात्रोका आधारमा चलाइएको इस्वी सन् सौरमासका आधारमा मात्र निर्माण गरिएको बताइन्छ। यसको आलोचना गर्नेहरूले सोही आधारमा पात्रो वैज्ञानिक नभएको समेत भन्ने गरेका छन्।

विभिन्न संवत्को अध्ययन अनुसन्धानमा लाग्नुभएका डा शास्त्रदत्त पन्तले सौरमास र चन्द्रमासको समन्वयबाट वैदिककालदेखि नै सुरु भएको विसं जति वैज्ञानिक नभए पनि हाल इस्वी सन्को प्रभाव विश्वव्यापी बन्दै गएको बताउनुहुन्छ। ३६५ दिन छ घण्टा ४९ मिनेट छ सेकेन्डको एक वर्ष हुन्छ, तर दिनभन्दा सानो घण्टा मिनेट र सेकेन्डको एकाइले गणनामा असर पर्ने भएकाले उल्लेख गरिँदैन । त्यसको व्यवस्थापनका लागि विसंका आधारमा गणना हुने पात्रोमा तीन वर्षमा अधिकामासको व्यवस्था गरिएको छ।

इस्वी सन् अनुसारको पात्रोमा 'लिपियर' का रूपमा त्यसलाई व्यवस्थापन गर्न खोजे पनि पश्चिमा देशमै मतैक्यता हुन नसकेको डा पन्तले बताउनुभयो । पछिल्लो समय नेपालमा पनि अङ्ग्रेजी नयाँ वर्ष उल्लासपूर्वक मनाउने चलन बढ्दै गएको छ। नयाँ वर्ष २०२६ का अवसरमा विदेशीको बढी उपस्थिति हुने काठमाडौँको ठमेल, बौद्ध तथा उपत्यका बाहिरका पोखरा, सौराहालगायत स्थानमा विभिन्न कार्यक्रम आयोजना गरी नयाँ वर्षको स्वागत भइरहेको छ ।रासस

# "हिट एण्ड रन" नियन्त्रणमा प्रहरी सक्रिय




नारायणगढ। पछिल्लो समय विभिन्न सवारीसाधनले ठक्कर दिएर फरार हुने (हिट एण्ड रन)का घटना बढ्दै गएका छन्। सवारीसाधनको चाप बढेसँगै दुर्घटना गराएर भाग्ने प्रवृत्ति पनि बढेको प्रहरीको भनाइ छ।

यस्तो अवस्थामा दुर्घटनापछि चालकले पूरा गर्नुपर्ने कर्तव्यबारे जनचेतना आवश्यक देखिएकाले सचेतनामूलक अभियान सञ्चालनको तयारी भइरहेको छ । जिल्ला प्रहरी कार्यालय चितवनका प्रमुख प्रहरी उपरीक्षक गोविन्द पुरीका अनुसार 'हिट एण्ड रन' गर्नु चालकको गम्भीर लापरबाही हो।

यस्तो घटनालाई प्रहरीले नछाड्ने र चालक भागेमा खेजेर कानुनी दायरामा ल्याउने गरिएको उहाँले बताउनुभयो।

प्रमुख प्रहरी उपरीक्षक पुरीले भन्नुभयो, "हिट एण्ड रनका घटना भएमा प्रहरीले जसरी पनि पत्ता लगाएर कारबाही अघि बढाउँछ । ठक्कर दिएर चालक भागेमा को पनि उम्कन पाएका छैनन् र पाउँदैनन्। प्रहरीले कानुनी कारबाही अवश्य गर्छ।" उहाँका अनुसार गत साउनयता जिल्लामा १५ वटा हिट एण्ड रनका घटना दर्ता भएका छन्।

उहाँले भन्नुभयो, "चितवन देशको मध्य भागमा पर्ने सहर हो। पूर्व-पश्चिम राजमार्ग र काठमाडौँ प्रवेश गर्ने मुख्य सडक यहीँ भएर जाने भएकाले यहाँ सवारीको चाप बढी हुन्छ।" सवारीसाधनको आवागमन बढी हुने भएकाले दुर्घटना पनि तुलनात्मक रूपमा बढी हुने उहाँले बताउनुभयो।

प्रमुख पुरीका अनुसार जिल्लामा प्रहरी हिट एण्ड रनका घटनालाई नियन्त्रण गर्न विशेष संयन्त्र बनाएर काम गर्दै आइएको छ । उहाँले थप्नुभयो, "राजमार्गमा ठक्कर दिएर भाग्ने प्रवृत्ति देखिन्छ भने भित्री सडकमा पनि यस्ता घटना केही कम हुने गरेका छन्। साउनयता भएका १५ वटै घटनाको प्रहरीले पहिचान गरिसकेको छ।"

प्रमुख प्रहरी उपरीक्षक पुरीले केही समयअघि एक हिट एण्ड रनको घटनाको वास्तविकता ४९ दिनपछि पत्ता लगाई कानुनी कारबाही अघि बढाइएको उदाहरणसमेत प्रस्तुत गर्नुभयो। दुर्घटना गराएर भाग्नुले समस्या झन् जटिल हुने उल्लेख गर्दै उहाँले भन्नुभयो, "दुर्घटना गरेपछि भागेँ भने बचिहाल्छु, कारबाही हुँदैन भन्ने सोच गलत हो। सवारी चालकले यस्तो सोच सच्याउन जरुरी छ।"

दुर्घटना भएको खण्डमा तुरुन्तै प्रहरीलाई जानकारी गराई आत्मसर्मपण गर्नुपर्ने उहाँको सुझाव छ। चालकले आफ्नो कमजोरी वा गल्ती स्पष्ट रूपमा प्रहरीलाई बताउनुपर्नेमा उहाँले जोड दिनुभयो । दुर्घटनाको जानकारी तत्काल प्रहरीलाई गराएमा समस्या कम हुने, घाइतेको उपचार छिटो हुने, ज्यान जोगिन सक्ने र कानुनी प्रक्रियासमेत सहज हुने उहाँले बताउनुभयो।

हिट एण्ड रन गरेर फरार भएमा झन् कडा कारबाही हुनसक्ने विषयका बारेमा पनि प्रमुख प्रहरी उपरीक्षक पुरीले स्पष्ट पार्नुभयो। जिल्ला प्रहरी कार्यालय चितवनले यस्ता हिट एण्ड रनका घटना दोहोरिन नदिन विशेष सतर्कता अपनाएर काम गरिरहेको उहाँले बताउनुभयो ।रासस

# 'सही तथ्याङ्कले योजना तर्जुमा गर्न सहयोग पुग्छ'



लेखनाथ। गण्डकी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा कृष्णचन्द्र देवकोटाले सही तथ्याङ्क सङ्कलन गर्न सकिएमा योजना तर्जुमा गर्न सहयोग पुग्ने बताउनुभएको छ।

तथ्याङ्क दिवस, २०८२ को अवसरमा तथ्याङ्क समन्वय कार्यालय पोखराद्वारा विहीबार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उपाध्यक्ष देवकोटाले व्यक्तिगत सूचना सङ्कलनबाट उत्पादित तथ्याङ्कले पुनः सामुहिक सूचनामा काम गर्दै निर्णय प्रक्रियाको आधार तय गर्न सकिने बताउनुभयो। गण्डकी प्रदेश नीति तथा योजना आयोगले विकास साझेदारसँग मिलेर केही विषयको तथ्याङ्क लिने काम पनि गरिरहेको जानकारी दिँदै उहाँले यस्तो तथ्याङ्कले आवाधिक योजना बनाउन मद्दत पुग्ने उल्लेख गर्नुभयो।

गण्डकी प्रदेश नीति तथा योजना आयोगको कार्यालयका सचिव ध्रुव गिरीले जनतालाई सुशासन दिन सही सूचनाले महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो। तथ्याङ्क समन्वय कार्यालय पोखराका तथ्याङ्क समन्वय अधिकारी नन्दलाल सापकोटाले नागरिकका व्यक्तिगत सूचनाहरुको गोपनीयता सुनिश्चित गर्दै वैज्ञानिक विधि र व्यावसायिक जनशक्तिमार्फत आधिकारीक तथ्याङ्क उत्पादन एवं वितरण गर्ने प्रबन्ध गरिएको जानकारी दिनुभयो।

केन्द्रीय कार्यालयमा मनाइँदै आएको तथ्याङ्क दिवस सङ्घीयतासँगै विसं २०७५ देखि देशैभरका १८ वटा प्रादेशिक तथा जिल्ला कार्यालयमा मनाउँदै आएको उहाँले बताउनुभयो। उक्त अवसरमा कक्षा ९ देखि १२ कक्षासम्मका विद्यार्थीबीचको खुल्ला निबन्ध प्रतियोगिता हुने छ। रासस

## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | शिक्षाको क्षेत्रमा गरेको श्रम लगानीबाट धेरै राम्रो हुने योग रहेको छ। |
| वृष : | बोल्दा ख्याल गर्नुहोला, आफ्नै बोलीले समस्यामा पर्ने योग रहेको छ। |
| मिथुन : | मित्रबाट घात हुने सम्भावना छ। |
| कर्कट : | आर्थिक, सामाजिक, धार्मिक क्षेत्रमा उतारचढाव आउँनेछ। |
| सिंह : | मानसिक रुपमा उमङ्ग रहने योग छ। |
| कन्या : | स्वास्थ्य, शिक्षा, रोजगारमा आफू अनुकुल छ। मन खिन्न हुनेछ। |
| तुला : | आर्थिक कठिनाई भएपनि शिक्षाको क्षेत्रमा सहयोग मिल्नेछ। |
| वृश्चिक : | बोलीका कारण शुत्र बढ्नेछ। शान्त रहेर बस्नु फाइदाजनक छ। |
| धनु : | अरु क्षेत्रमा यथावत रहेपनि शिक्षाको क्षेत्रमा दायरा फराकिलो हुनेछ। |
| मकर : | दीर्घकालिन योजना नबनाएको राम्रो। आज ठुलो नाफा गर्न सकिँदैन। |
| कुम्भ: | तपाईले गरेको श्रम लगानीबाट फाइदा हुने सम्भावना छ। |
| मीन : | शिक्षा, स्वास्थ्य, सामाजिक, राजीतिक क्षेत्रहरु यथावत रहेका छन्। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



फोहर हटाउन नगरवासी आफै सुध्रिनु आवश्यक : तस्बिरमा देखिएको दृश्य जनकपुरधामको रौनियार धर्मशाला अगाडीको हो,टोलवासीले घर घरको फोहर सडकमै थुपार्ने गरेको हुनाले सडक दुर्गन्धीत हुदै आएको छ,अर्को तर्फ सोहि फोहरको अगाडीमा रहेको ढलको ढक्कन हटेको अवस्था छ,रातीमा ठुलै दुर्घटना हुन सक्ने अवस्थामा जनकपुरधाम उपमहानगरपालिकाले पनि ध्यान दिनु आवश्यक छ।
*तस्बिर : टुडे*

# बर्दिबासमा भारतीय पाहुना खचाखच



महोत्तरी । इस्वी संवत् २०२६ को स्वागतका लागि महोत्तरीको बर्दिबास क्षेत्रका होटल भारतीय पाहुनाले खचाखच छन् । बर्दिबासका ५० भन्दा बढी होटल भारतीय पाहुनाले खचाखच भएका हुन् ।

भारतको सीतामढी, शिवहर, मधुवनी, झञ्झारपुर, मधुवनी, दरभङ्गा र मुजफ्फरपुरसहितका भारतीय पाहुनाले बर्दिबासस्थित होटलमा निकै चहलपहल रहेको होटल गौतमका सञ्चालकसमेत रहनुभएका नेपाल होटल तथा पर्यटन व्यवसायी महासङ्घ मधेस प्रदेशका अध्यक्ष हिरालाल गौतमले बताउनुभयो ।

"पछिल्ला एक दशकयता नयाँ वर्षका अवसरमा बर्दिबास भारतीय पाहुनाको छनौटमा पर्दै आएको छ। यसले यहाँका पर्यटकीय स्थलको प्रवर्द्धनमा सहयोग पुगेको छ", उहाँ भन्नुहुन्छ, "भारतीय पाहुनाहरू नयाँ वर्षका अवसरमा उत्सव मनाउन आउँदा यताका धार्मिक तथा पुरातात्विक महत्त्वका ठाउँको अवलोकनमा समेत निस्कने गरेकाले प्रचारप्रसारसमेत भइरहेको छ ।"

होटल तथा पर्यटन व्यवसायी सङ्घ महोत्तरीका अध्यक्ष तथा बर्दिबास-३ गौरीडाँडास्थित होटल गुञ्जका सञ्चालक गुञ्जबहादुर कार्कीले पनि नयाँ वर्षको स्वागतमा एक हजार बढी सङ्ख्यामा भारतीय पर्यटक बर्दिबासका विभिन्न होटलमा उत्सव मनाउन आएका बताउनुभयो । बर्दिबासका साना-ठूला सबैजसो होटलमा भारतीय पाहुना रहेका उहाँको भनाइ छ ।

बर्दिबासबाट घुमफिर गर्न चुरेसम्म जान सकिने, वनक्षेत्र र प्राचीन धार्मिकस्थलको अवलोकन गर्न पाइने हुँदा उत्सव मनाउन यो ठाउँ मन परेको भारतीय पर्यटक बताउँछन् । सीतामढीबाट सपरिवार नयाँ वर्ष उत्सव मनाउन यहाँ आउनुभएका हरिओम शरण नारायण यहाँ आएपछि मन प्रफुल्ल हुने र एक/दुई दिन भए पनि कोलाहलबाट पर रहेको अनुभूति हुने गरेको सुनाउनुहुन्छ ।

यस अवसरलाई मनोरञ्जनपूर्ण बनाउन यहाँका होटलले सांस्कृतिक कार्यक्रमसँगै मधेसका विभिन्न परिकार पस्कने गरेका छन् ।होटल व्यवसायी विष्णु थापाले नयाँ वर्ष आगमनको अवसरमा यस क्षेत्रमा दुई साता लामो शीतलहरले सेलाएको बजारमा चहलपहल बढाएको बताउनुभयो ।रासस

# ऐतिहासिक पर्सागढीमा विजय उत्सव मनाइने

वीरगञ्ज । ब्रिटिस इष्ट इन्डिया कम्पनीको फौजलाई गोर्खाली सेनाले पराजित गरेको ऐतिहासिक युद्धस्थल पर्सागढीमा विजय उत्सव मनाइने भएको छ ।

गोर्खाली सेनाले ऐतिहासिक जित हात पारेको अवसरमा पारेर यस वर्ष पनि २११औँ विजय यही पुस १९ गते भव्य कार्यक्रम गरेर उत्सव मनाउन लागिएको पर्सागढी नगरपालिका प्रमुख गोकर्ण पाठकले बताउनुभयो । उहाँले विभिन्न कालखण्डमा भएको क्रान्तिले मुलुकभित्र सत्ता मात्रै परिवर्तन गरे पनि विसं १८७१ पुस १८ र १९ गते नेपाल र ब्रिटिस इष्ट इन्डिया कम्पनी फौजबीच भएको युद्धले नेपाल जोगाउनका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गरेको स्मरणमा विजय उत्सव मनाउन लागिएको बताउनुभयो ।

"गोर्खाली सेनाले पर्सागढीको युद्ध जितेकाले नेपाल नेपालको रूपमा रहिरहेको छ । त्यसैले पनि विजयउत्सव मनाउन लागिएको हो । पर्सागढी मन्दिर व्यवस्थापन समितिका पूर्वअध्यक्ष वृजमोहन चौधरीले गोर्खाली सेनाले तत्कालीन ब्रिटिस सेनालाई हराएको ऐतिहासिक पर्सागढी जङ्गल क्षेत्र स्थानीयले कब्जा गर्दा यहाँ अन्य संरचना बनाउन समस्या भइरहेको गुनासो गर्नुभयो । "ऐतिहासिक पर्सागढीको जग्गा अतिक्रमणको चपेटामा परेकाले पनि यहाँ व्यवस्थित गराउन समस्या भइरहेको छ । हामीले अतिक्रमणमा परेको जग्गा फिर्ता ल्याउने कोसिस गरे पनि अहिलेसम्म सफल हुन सकिरहेका छैनौँ", पूर्वअध्यक्ष चौधरीले भन्नुभयो,"आफ्ना सातौँ पुस्ताका अग्रज रञ्जित चौधरीले गोर्खाली सेनासँग मिलेर ब्रिटिस फौजसँग युद्ध जितेको ऐतिहासिकस्थल भावी पुस्ताका निम्ति संरक्षण गर्नुपर्छ भनेर म पनि लागिरहेको छु । यसमा सबैको हातेमालो आवश्यक छ ।"



त्यो खास विजयलाई चिरस्थायी बनाउन पनि विजय उत्सव मनाउन लागेका हौँ", नगरप्रमुख पाठकले भन्नुभयो, "अन्य नेपालका गढीहरू व्यवस्थित भए पनि पर्सागढी जग्गाको किचलोको कारणले व्यवस्थित गराउन समस्या भइरहेको छ । त्यसमा पनि यसपटकको समारोहले ध्यानाकर्षण गर्नेछ ।"श्रीजङ्ग गण पर्साका प्रमुख सेनानी लोकेन्द्र कार्कीले ब्यान्डबाजा, सेनाको ऐतिहासिक वेशभूषासहित पदयात्रा गरिने जानकारी दिनुभयो । "नेपाली सेनाले राष्ट्रिय गीतमा विशेष प्रदर्शनी गर्ने योजना बनाएको छ," उहाँले भन्नुभयो, "विजयउत्सवलाई भव्य र सभ्य ढङ्गले मनाउन लागेका छौँ ।" पर्सागढी मन्दिर व्यवस्थापन समिति, नेपाली सेनाको श्रीजङ्ग गण, पर्सागढी नगरपालिकाको सहकार्यमा

विसं १८७१ पुस १८ र १९ गते नेपाल र ब्रिटिस इष्ट इन्डिया कम्पनी फौज पर्सागढीमा युद्ध भएको थियो । अङ्ग्रेज फौजको नेतृत्व मेजर जनरल मार्लेअन्तर्गतका कप्तान सिब्लीले गरेका थिए भने नेपाली फौजको नेतृत्व भने रञ्जित चौधरीले गरेको बताइन्छ ।

साबिक गाउँ झिगना, पचरुखी, चैनपुर, बागिश्वरी, बागवान, हरपुर, बिरुवा, बकनेर्वाका स्थानीय बासिन्दाले ठूलो सङ्ख्यामा स्थानीय हातहतियारसहित भैँसी तथा राँगाको सिङमा मसाल बाँधी दुवै खोलाको मुहान र दोभान छाडी गोर्खाली फौजको ठूलो सङ्ख्या आएको भान पारी अङ्ग्रेजलाई त्यहाँबाट भगाएको कथन छ । यहाँ पर्सागढीको युद्धमा सक्रिय भूमिका निर्वाह गरेका रञ्जित चौधरीका कुलदेवता वन्हरबाबाको मन्दिर निर्माण गरिएको छ । रासस

# गरिबीले रोक्न सकेन सत्यनारायणको "डाक्टर" बन्ने सपना

सिरहा । दिनभरि इँट्टा-बालुवासँगको सङ्घर्ष, रातभरि डाक्टर बन्ने सङ्कल्प । यही सङ्घर्ष र सङ्कल्पका कारण सिरहाका सत्यनारायण साफीले प्रमाणित गरिदिनुभएको छ–अभावले बाटो छेक्न सक्छ, तर गन्तव्य रोक्न सक्दैन । भनिन्छ नि, चट्टान फोरेर पनि पिपल उम्रिन्छ । सत्यनारायणको यो सफलताले त्यो भनाइलाई व्यवहारमै चरितार्थ गरिदिएको छ । कठोर गरिबी र अभावको चट्टानलाई छिचोल्दै उहाँले झुपडीबाट देखेको सपना साकार हुने चरणमा पुगेको छ, यसले अभाव देखाएर भाग्ने देशभरका युवालाई पनि 'अठोटका अगाडि बाध्यता हार्छन्' भन्ने सन्देश प्रवाह गरेको छ ।

हुलाकी लोकमार्गको बरियारपट्टि चोकबाट तीन किलोमिटरभित्र पर्छ श्रीपुर गाउँ । यो गाउँका स-साना छाप्राहरूको लहर छिचोलेपछि एउटा यस्तो झुप्रो भेटिन्छ, जुन गरिबीले ढल्नै लागेको छ, तर घरभित्र उम्रेको आशाले त्यसलाई टेको दिइरहेको आभाष हुन्छ । यहीभित्र अभाव र अँध्यारोसँग जुध्दै सत्यनारायणले एउटा चम्किलो सपना सजाउनुभयो अर्थात् 'डाक्टर' बन्ने सपना । आज त्यही झुप्रोबाट पलाएको सपनाले पूर्णता पाउने बाटो तय गरेको छ ।

यो सफलता त्यत्तिकै मिलेको होइन, सत्यनारायणले सुनाएअनुसार आमा सुनितालाई वर्षौंदेखि टाउको दुख्ने समस्या थियो । बुबा कतारमा पसिना बगाइरहनुभएको बेला, आमालाई अस्पताल लैजाने जिम्मेवारी कलिलो उमेरमै सत्यनारायणको काँधमा आयो । उहाँ आमाको हात समाउँदै अस्पतालका गल्ली-गल्ली चहार्नुहुन्थ्यो । डाक्टरले औषधि लेखिदिन्थे, औषधि खाँदा केही दिन निको हुन्थ्यो, तर फेरि उही पीडा दोहोरिन्थ्यो । अस्पतालका ती लामा लाइन, बिरामीहरूको चित्कार र आमाको अनुहारमा देखिएको असह्य पीडाले उहाँको बालमस्तिष्कमा गहिरो चोट पुर्‍यायो ।ती दिनहरू सम्झँदै सत्यनारायण भन्नुहुन्छ, "औषधि खाँदा केही दिन निको हुने, फेरि उही पीडा दोहोरिने । आमाको त्यो पीडाले मेरो बाल्यकालको सोच नै बदलिदियो । अस्पतालमै उभिएर मैले कसम खाएँ, म डाक्टर बन्छु ।"

यही अठोटले हो, उहाँको सपना बदलिदिएको, त्यही सपनाले आज जीवनको दिशा नै बदलिदिने आधार तय गरिरहेको छ । सुरुमा उहाँलाई एमबिबिएसको प्रवेश परीक्षा कसरी दिने, कति खर्च लाग्छ वा कति पढ्नुपर्छ भन्ने केही ज्ञान थिएन । थियो त केवल एउटा दृढ सङ्कल्प । सत्यनारायणले गाउँकै जनता माध्यमिक विद्यालयबाट २०७७ सालमा एसइई उत्तीर्ण गर्नुभयो । पढाइमा तेज भएकै कारण उहाँले विराटनगरको अरनिको उच्च माविबाट विज्ञान विषय लिएर कक्षा १२ को पढाइ पूरा गर्नुभयो । त्यसपछि उहाँको वास्तविक सङ्घर्षको अध्याय सुरु भएको हो ।

"सपना त देखियो, तर घरमा बसेर हुनेवाला थिएन । सपना पछ्याउन घर छोड्नुपर्ने भयो । एमबिबिएसको तयारीका लागि काठमाडौँ पुगेँ, तर आर्थिक अभावको पहाडले थिच्यो । तीन महिनामै काठमाडौँ छाडेर घर फर्किएँ । उता बुबा पनि कतारको रोजगारी गुमाएर घर फर्किनुभयो । परिवारमा 'भोक कि पढाइ' भन्ने सङ्कट आइलाग्यो", सत्यनारायणले सुनाउनुभयो ।

## हातमा दशथोक, मनमा पुस्तक

परिस्थितिसँग हार मान्ने उहाँको स्वभाव थिएन । काठमाडौँमा बसेर तयारी गर्ने सपना अधुरै छाड्नुपरेपछि गाउँ फर्किनुभयो । गाउँमै निर्माण मजदुरको काम रोज्नुभयो । दिनभर चर्को घाममा मिस्त्रीसँगै गाह्रो लगाउने, सिमेन्ट बोक्ने र निर्माणको काम गर्ने सत्यनारायणको दैनिकी बन्यो । शरीर थकित हुन्थ्यो, हात-खुट्टा गल्थे, तर रात पर्नासाथ उहाँको मन फेरि पढाइतर्फ फर्किन्थ्यो । बत्तीको मधुरो उज्यालोमा उहाँ चिकित्सा शिक्षाका पुस्तक पल्टाउनुहुन्थ्यो र प्रवेश परीक्षाको तयारीमा डुब्नुहुन्थ्यो ।

"मैले गरिबीले काठमाडौँ छोडेँ, तर सपना छोडेको होइन । मैले अभावले हण्डर खाएँ, तर हिम्मत हारेको थिइनँ । त्यसैले कुनै दिन अस्पतालको अगाडि उभिएर गरेको सङ्कल्पले मलाई गन्तव्यमा अगाडि बढिरहन झक्झक्याइरह्यो । आखिर सबैको कुरा अठोट त रहेछ, नहार्ने अठोट", मलिन मुद्रामा सत्यनारायणले विगत सम्झँदै भन्नुभयो ।

> मैले गरिबीले काठमाडौँ छोडेँ, तर सपना छोडेको होइन । मैले अभावले हण्डर खाएँ, तर हिम्मत हारेको थिइनँ । त्यसैले कुनै दिन अस्पतालको अगाडि उभिएर गरेको सङ्कल्पले मलाई गन्तव्यमा अगाडि बढिरहन झक्झक्याइरह्यो । आखिर सबैको कुरा अठोट त रहेछ, नहार्ने अठोट

यही अठोटले उहाँको सङ्घर्षले नयाँ गोरेटो तय गर्‍यो । मजदुरीबाट हातमा परेको सीमित ज्यालाबाट घरखर्च कटाएर बाँकी बचेको पैसाले उहाँ किताब किन्नुहुन्थ्यो । कतिपय रात त उहाँले भोकभोकै पनि किताबका पाना पल्टाएर सपनाको खोजी गर्नुभयो । सत्यनारायण भन्नुहुन्छ, "मेरो कोठामा किताबकै सिरानी र किताबकै ओछ्यान हुन्थ्यो ।" त्यही किताबबीच बिताएका अनगिन्ती रातहरूले उहाँलाई मेडिकल कलेजको ढोकासम्म पुर्‍याएको हो ।


## सफलताको उडानः पहिलो प्रयासमै नाम

काम सजिलो थिएन, तर सपना पनि त चानचुने थिएन । त्यसैले घरमै दुई वर्षको कठोर अध्ययन र मजदुरीपछि उहाँले चिकित्सा शिक्षा आयोगको प्रवेश परीक्षा दिनुभयो । नतिजा आउँदा सबै अचम्मित भए । सत्यनारायणले मधेसी दलित आरक्षण कोटामा पूर्ण छात्रवृत्तिमा नाम निकाल्न सफल हुनुभयो । उहाँको तपस्याले अन्ततः प्रतिफल दियो । यो खबर सुन्दा परिवारमा खुसीको सीमा छैन ।

यद्यपि, छात्रवृत्तिले पढाइ शुल्क निःशुल्क भए पनि आवास र अन्य शैक्षिक सामग्रीको खर्च जुटाउने चिन्ता बाँकी नै थियो । बुबा मधुरी साफी भन्नुहुन्छ, "छोराले आफ्नो मिहिनेतले डाक्टर पढ्ने बाटो त खोल्यो, तर अब यसलाई पूरा कसरी गराउने भन्ने चिन्ता छ । हामीसँग सम्पत्तिको नाममा केही धुर जग्गाबाहेक केही छैन । कक्षा भर्नाका लागि राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, दाङसम्म पुग्ने र बस्ने खाने समस्याले क्षणिक खुसीलाई अन्धकारतर्फ धकेल्दै थियो ।"

## जब प्रविधिको सहाराले 'भाइरल' बने

सत्यनारायणको कथा सामाजिक सञ्जालमा चर्चामा आएपछि देशैभरबाट सहयोगी हातहरू उहाँको झुपडीसम्म पुग्न थालेका छन् । प्रविधिको सहारामा उहाँको सफलताको चर्चा देश, विदेशमा पुगेको छ । विस्तारै आर्थिक सहयोग गर्नेहरू थपिँदै छन् । सहयोगी मनहरू जुर्मुराएका छन् । यो सहयोगले उहाँलाई केही राहत त दिएको छ ।



सहयोगी हातहरू झुपडीसम्म आइपुग्दा सत्यनारायणको आँखामा एकातिर कृतज्ञताको भाव देखिन्छ भने अर्कोतिर आफ्नो जिम्मेवारीप्रतिको गहिरो बोध । चारैतिरबाट पाइरहेको साथ र शुभेच्छापछि उत्साहित बन्नुभएका सत्यनारायण भन्नुहुन्छ, "जब म काठमाडौँबाट रित्तो हात गाउँ फर्किएर मजदुरी गर्न थालेको थिएँ, मलाई लाग्थ्यो यो लडाइँमा म एक्लै छु । आज देशैभरिबाट मनकारी महानुभावहरूले देखाउनुभएको यो माया देख्दा म भावुक भएको छु । यो सहयोग केवल पैसा मात्र होइन, यो मप्रतिको भरोसा र समाजको ऋण हो, जुन म जीवनभर सेवा गरेर तिर्नेछु ।"

उहाँलाई आफूजस्तै अन्य गरिब विद्यार्थीहरूको भविष्यको पनि चिन्ता छ । भन्नुहुन्छ, "म त भाग्यमानी रहेछु र सबैको नजरमा परेँ, तर म जस्ता हजारौँ सत्यनारायणहरू आज पनि गाउँका कुनाकाप्चामा मजदुरी गर्दै सपना मारिरहेका छन् । राज्यले यस्तो प्रणाली बनाओस् कि कोही पनि प्रतिभाशाली विद्यार्थीले पैसाकै अभावमा किताब फाल्नु नपरोस् । सपना मार्न नपरोस् ।"

## आरक्षणः सीमान्तकृतका लागि वरदान

सत्यनारायणको यो सफलतामा मेहनतसँगै नेपालको समावेशी आरक्षण व्यवस्थाको पनि ठूलो भूमिका छ । मधेस मामिला जानकार प्राडा विजयप्रसाद मिश्र आरक्षणको व्यवस्थाको महत्त्व सत्यनारायणजस्ता धेरै युवाहरूको सफलताले थप सान्दर्भिक बनाउँदै लगेको बताउनुहुन्छ । भुइँमान्छेहरूले आफ्नो अधिकार सही प्रयोग नगरेसम्म र ओझेलमा परेको समुदायलाई अवसर नदिएसम्म लोकतन्त्र बलियो हुँदैन भन्ने कुरा यसबाट बुझ्नुपर्ने उहाँको भनाइ छ ।प्राडा मिश्र भन्नुहुन्छ, "आरक्षणलाई अझै वैज्ञानिक बनाउनुपर्छ, यसलाई भुइँमान्छेले लाभ लिने गरी अझै व्यवस्थित बनाउनुपर्छ । कुन समुदाय पछाडि छ भन्ने बुझ्न प्रत्येक १० वर्षमा यसको समीक्षा गर्दै अगाडि बढ्नुपर्छ ।"सत्यनारायण साफी युवाहरूका लागि प्रेरणाको बलियो स्रोत बन्नुभएको छ । झुपडीमा फुलेको उहाँ र उहाँजस्तै युवाहरूको 'सपनाको बिउ' लाई फक्राउन सरकार र सरोकार भएकाहरूको सहयोगको खाँचो छ ।रासस

# मटिहानीमा एकीकृत घुम्ती सेवा शिविर प्रभावकारी बन्दै

महोत्तरी । यहाँको मटिहानी नगरपालिकामा एकीकृत घुम्ती सेवा शिविर प्रभावकारी बनेको छ । मटिहानीले पछिल्ला तीन वर्षदेखि बर्सैनि एकीकृत घुम्ती सेवा शिविर सञ्चालन गर्दै आएको छ ।

यसवर्ष यही पुस ८ देखि १६ गतेसम्म नौ दिन सञ्चालित शिविरमा करिब आठ हजारले घरआँगनमै सेवा लिएको नगरपालिकाले जनाएको छ । शिविरमा नगरपालिकाबाट प्राप्त सेवा एकीकृत रुपमा प्रदान गरिएको नगरप्रमुख हरिप्रसाद मण्डलले बताउनुभयो ।

"यसपालि शिविरका बेला प्रतिकूल मौसम शीतलहर




रह्यो, त्यही पनि सात हजार ९० ९ जनाले सेवा लिएका छन्" नगरप्रमुख मण्डलले भन्नुभयो, "आम नागरिकलाई कार्यालयबाट दिइने सेवाप्रति नयाँ आशा जगाउन यो प्रभावकारी भएको छ ।" यसले जनप्रतिनिधि, कर्मचारी र जनताबीच सम्बन्ध सुमधुर बनाएको उहाँको भनाइ छ ।

शिविरमा सबैभन्दा बढी पशुपालक किसानले सेवा लिएका छन् । दुई हजार ८४९ घरपालुवा पशुको स्वास्थ्य जाँच र उपचार गरिएको छ । त्यसैगरी दुई हजार ३०१ किसानले तरकारीको बीउबिजन लिएका छन् । मटिहानी नगरक्षेत्र जिल्लामै तरकारी खेतीको पकेटक्षेत्र मानिन्छ ।

एक हजार ६३२ जनाले स्वास्थ्यचौकीबाट स्वास्थ्य जाँच र उपचार सेवा लिएका छन् । आयुर्वेद कार्यालयबाट ८७१ जनाले स्वास्थ्य जाँच गरी आयुर्वेद औषधि लिएका छन् । १०६ ज्येष्ठ नागरिकले ज्येष्ठ नागरिक परिचयपत्र बनाएको र ८८ जना ज्येष्ठ नागरिकको स्वास्थ्य बिमा गरिएको छ । ६२ वटा व्यक्तिगत घटना दर्ता र तीन जना अपाङ्गता भएकाको परिचयपत्र बनेको कार्यालयले जनाएको छ ।रासस

# सरकार र नागरिक बचाउ अभियानबीचको वार्ता सकारात्मक


काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले सरकार र नागरिक बचाउ अभियानबीचको वार्ता सकारात्मक भएको बताउनुभएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा विहीबार प्रधानमन्त्री सुशीला कार्की र अभियानका संयोजक दुर्गा प्रसाईं पक्षबीच भएको वार्तामा सम्भव हुने किसिमका माग पूरा गर्न सरकार प्रतिबद्ध रहेको मन्त्री खरेलले जानकारी दिनुभयो ।



दुवै पक्षबीच मुलुकमा शान्ति, स्थिरता, विकास र समृद्धि कायम गर्ने सन्दर्भमा सहमति भएको उहाँको भनाइ छ । "वार्ता सकारात्मक छ । संविधान र कानुनअन्तर्गत रहेर उहाँहरुको कति माग अहिलेको सरकारले र कति माग आगामी सरकारले पूरा गर्न सक्छ, उहाँहरुको मागबारे केस्रा केस्रा छलफल भएको छ", उहाँले भन्नुभयो, "सरकारको दायरा र जिम्मेवारी अन्तर्गत रहेर माग पूरा गर्न सरकार प्रतिबद्ध छ ।"

वार्तामा प्रधानमन्त्री कार्कीले अभियानका मागहरु गम्भीर चासोका साथ लिनुभएको थियो भने संयोजक प्रसाईंले अभियानको मागप्रति सरकारको ध्यानार्कषण गराउनुभएको जनाइएको छ ।रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# कांग्रेसमा मेलमिलापको खाँचो

नेपाली कांग्रेसका संस्थापक नेता स्व.बीपी कोइरालाले २०३३ सालमा राष्ट्रिय एकता तथा मेलमिलापको नीति लिएर भारत प्रवासबाट स्वदेश फर्केका थिए । पुस १६ गते कोइरालासहितका नेताहरुको स्वदेश आगमनको दिनलाई नेपाली कांग्रेसले मेलमिलाप दिवसको रुपमा मनाउने गरेको छ । बुधबार कांग्रेस पार्टीले देशभरि नै मेलमिलाप दिवस मनाए । मेलमिलाप दिवसमा सहभागी नेताहरुले आज पनि मेलमिलापको उतिकै सान्दर्भिकता रहेको बताए । कांग्रेसका नेताहरुले मेलमिलापको सान्दर्भिकता त औंल्याए, तर आफैले मेलमिलाप गरेर पार्टीलाई सुदृढ बनाउने पहल गर्दैनन् । देशको सबैभन्दा पुराना र ठूला दल कांग्रेस आजको दिनमा गुट उपगुटमा विभाजित भएर कमजोर हुन थालेको छ । एकअर्कालाई कमजोर बनाउन उन्मुख नेताहरुका कारण समग्रमा कांग्रेस पार्टी नै कमजोर बन्न थालेको छ । कांग्रेसमा देखिएको गुटबन्दीलाई मेलमिलापको मार्फत हटाउनु पर्छ । आगामी चुनावमा नेपाली कांग्रेसको स्थिति कमजोर हुने संकेतहरु देखिन थालिएको छ । त्यसको प्रमुख कारण नेताहरुमा रहेको गुटबन्दी नै हो । कांग्रेस पार्टीले मेलमिलापको नीतिलाई सान्दर्भिक रहेको बताए पनि त्यसलाई आत्मसात गरेको छैन । मेलमिलाप दिवस मनाएर मात्र त्यसको सार्थकता हुँदैन । मेलमिलापको नीतिलाई कार्यान्वयन गर्नु आवश्यक छ । हरेक चुनावमा कांग्रेसका उम्मेदवार कांग्रेसकै नेता र कार्यकर्ताहरुको असहयोगको कारण पराजित हुने गरेको छ । कांग्रेसमा इमान्दारीपूर्वक मेलमिलाप नभए आगामी चुनावमा अनपेक्षित परिणाम स्वीकार्नुपर्ने छ । संस्थापन र इतर पक्षले मेलमिलापको नीतिलाई पालना गर्न आवश्यक छ । मै लाउ मै खाउ भन्दा नेताहरु माथि उठ्न आवश्यक छ । कांग्रेस पार्टीमा काका र बाजे नेताहरुले क्रमशः युवाहरुलाई स्थापित गर्दै जानुपर्छ । काका र बाजेहरु अभिभावकत्व निर्वाह गरे बढी शोभनीय हुनेछ । एकले अर्कालाई हराउने भन्दा एकले अर्कालाई जिताएर खुशी साट्ने वातावरण बनाउन पनि युवाहरुलाई अवसर दिन आवश्यक छ । बाजे पुस्तामा अब धेरै विवाद र इर्ष्याद्विष भएकाले युवाहरुलाई अगाडि सार्दा त्यसमा समेत कमी आउने छ । सिंगो कांग्रेसलाई आफ्नो परिवार ठान्नु पर्छ । आफ्ना आफन्तहरुलाई अगाडि सार्दा कार्यकर्ताहरुले विद्रोह गर्न सक्ने संकेत देखिएको छ । कांग्रेसका नेताहरुले मेलमिलापको नीतिलाई आत्मसात नगरे अबको दिन सहज हुने छैन । नेपाली कांग्रेसले मेलामिलाप दिवस मनाएर मात्र हुँदैन । कार्यकर्ताहरुसित पूर्वाग्रह राख्नुभन्दा आग्रहपूर्वक सबैलाई समेट्न सक्नु पर्छ । बीपी कोइरालाले तत्कालीन राजासित मेलमिलाप गरेर राष्ट्रियताको रक्षा गर्न स्वदेश फर्केका थिए । त्यस क्रममा उनी जेल जानु परेको थियो । त्यस्तै आजको दिनमा बाजे र काका पुस्ताका नेताहरुले पनि आफ्नो स्वार्थलाई हटाएर कांग्रेस पार्टीलाई बनाउने तर्फ लाग्नु पर्छ । कांग्रेसमा मेलमिलापको आवश्यकता छ ।

# न्यायमूर्तिज्यूहरूलाई पत्र



प्रा.डा. ऋषिकेश नारायण श्रेष्ठ

जेनजी पुस्ताले कुशासन, बेरोजगारी र भ्रष्टाचारविरुद्ध गरेको विद्रोहले शासनसत्तामात्र ढलेन, जलेका अदालतका दृश्यहरू र त्यतिबेला न्यायमूर्तिहरू सैनिक क्याम्पमा बस्नुपरेको बाध्यताले सम्पूर्ण नेपालीहरूलाई साह्रै दुःखी तुलाएको छ । श्रीमान् ! मानव जातिले गर्ने यस्ता विद्रोह पनि प्रकृतिले गरेको विद्रोह- भूकम्प, सुनामी, बाढीपहिरो र ज्वालामुखी जस्तै हुन सक्दछ, जुन समय सीमा तोकेर यति नै क्षति गर्छु भनेर आउँदैन ।

यद्यपि, यी विपत्तिहरूलाई रोक्न र भविष्यमा आइहाल्यो भने समाज र मानव जातिको क्षतिलाई कसरी न्यूनीकरण गर्ने भनेर सरकारले कार्ययोजना बनाएका हुन्छन् । तर श्रीमान् ! हामीकहाँ भूकम्प आउँदैछ भनेर वर्षौंदेखि भन्दै थियौँ । आयो, क्षति गरेर गयो । त्यसैगरी केही महिनादेखि समाज विद्रोहतिर जाँदैछ भन्ने आभास भइरहेको थियो र सम्बन्धित निकायहरूलाई बोध पनि थियो, तर तत्कालीन सरकारले त्यसको सही आकलन नगरेको हुनाले इतिहासमै नभएको क्षति राष्ट्रले भोग्नुपऱ्यो ।

अहिले आएर विद्रोहमा भएको क्षतिको जिम्मेवारी लिनुको सट्टा कसमाथि दोषारोपण गर्ने भनेर पात्रहरू, संघ-संगठनहरू र विदेशी निकायहरू खोजिँदै छन् । तर दोषीको सुई निवर्तमान सरकारप्रति फर्कन थालेपछि भने संसद् पुनर्स्थापनाको मागसहित पुराना दलका सांसदहरू तपाईंहरू कहाँ आइपुगेका छन् ।

श्रीमान्! यो विद्रोह जन्माउन कतै न्यायपालिकाको बनावट, न्यायाधीशहरूको छनोट र न्याय सम्पादन पनि दोषी त छैन ?

विश्वका केही मुलुकमा शासकहरूले चुनाव नगराएर सत्ता कब्जा गरेर बसेका छन् । हाम्रो देशमा सरकारले चुनाव गराएर सत्ता हस्तान्तरण गर्छु भन्दा पनि पार्टीहरू नै बिथोल्न लागिरहेका छन् । यदि सुरक्षाको कारण देखाएर केही पार्टीहरू चुनावमा जान असुरक्षित महसुस गरिएको हो भने त्यस्ता पार्टीले अर्को चुनाव 'मिसन ०८७'का लागि तयारी गर्नुस् । यो एकपटक देश र जनताको लागि त्याग गरिदिनुस् ।

श्रीमान्! यो विद्रोह जन्माउन कतै न्यायपालिकाको बनावट, न्यायाधीशहरूको छनोट र न्याय सम्पादन पनि दोषी त छैन ? राज्यको कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाहरू शक्ति पृथकीकरण र शक्ति सन्तुलन अनुसार चलेका हुन्छन्, तर यहाँ कार्यपालिकाको निर्देशन अनुसार अन्य दुई निकाय पनि चल्छ भन्ने आम जनविश्वास छ । उदाहरणका लागि कांग्रेस र एमालेले संसद् पुनर्स्थापनाको लागि सर्वोच्च अदालतमा निवेदन दिनासाथ अब संसद् पुनर्स्थापना हुने भयो भन्ने भ्रम फैलाइँदै छ । अर्कोतिर केही समूहले चुनाव हुन नसके संसद् पुनर्स्थापना हुन्छ, त्यसका लागि नजिर बलियो छ भन्दै 'मिडिया ट्रायल' गरिरहेका छन् ।

न्यायमूर्तिहरूलाई न्याय सम्पादन गर्दा कानुन र विवेक प्रयोग गर्ने दुवै अधिकार दिइएको हुन्छ । कानुनका सिद्धान्तका साथै व्यावहारिक पक्ष र आवश्यकताको सिद्धान्तको पनि प्रयोग गरिन्छ । यस्तो अदृश्य अधिकार प्रयोग गर्न दिइएको हुनाले तपाईंहरूलाई भगवानको मूर्ति जस्तै जीवित न्यायमूर्तिको दर्जा दिइएको छ । त्यसैले श्रीमान् ! अदालतको बेन्च पछाडि राखिएको तराजु समातेको आँखामा पट्टी बाँधेको मूर्ति जसरी निष्पक्ष भएर न्याय दिनुका साथै आँखाको पट्टी खोलेर देशको सबै वस्तुस्थिति बुझेर निर्णय लिनु आजको समयको आवश्यकता भएको छ ।

अहिले संसद् पुनर्स्थापनाका पक्षधर कानुनका विद्यार्थीहरूले संविधान पुनर्स्थापनाका लागि दाबी गरेका संविधानका धाराहरूभन्दा जेनजी पुस्ता र स्कुलका विद्यार्थीहरू, त्यसमा पनि नौ कक्षामा पढ्ने विद्यार्थीले बोलेका परिवर्तनका आवाजहरू कैयौं केही नेताहरूले राष्ट्रपतिले असंवैधानिक काम गरे भनेर लफडा गर्दैछन् ।

श्रीमान् ! विगतमा पनि पार्टीहरूले व्यवस्था परिवर्तनका लागि आन्दोलन, हत्या, हिंसा, आगजनी, लुटपाट, तोडफोड र आम हड्ताल गरेकै थिए र त्यसमा सफल भएर सत्ता चलाएकै हुन् । अहिलेको जेनजी विद्रोह गणतन्त्र मास्ने खाल कै थियो, तर यसलाई बचाउन भूमिका खेलेका राष्ट्रपति, नेपाली सेना र जेनजीका अगुवाहरूलाई धन्यवाद दिनु त कहाँ हो कहाँ, उनीहरूको अवमूल्यन गरिराखेका छन् ।

अहिले संसद् पुनर्स्थापनाका पक्षधर कानुनका विद्यार्थीहरूले संविधान पुनर्स्थापनाका लागि दाबी गरेका संविधानका धाराहरूभन्दा जेनजी पुस्ता र स्कुलका विद्यार्थीहरू, त्यसमा पनि नौ कक्षामा पढ्ने विद्यार्थीले बोलेका परिवर्तनका आवाजहरू पुनर्स्थापनाबाट रोक्ने कोसिस गरियो भने अर्को नयाँ विद्रोह जन्मिन सक्छ ।

जनताले राजनेता नपाएको अवस्थामा देशको चिन्ता आम नेपाली जनतामा बढ्दो छ, तर उनीहरू संगठित छैनन् । उनीहरूको आवाज जनप्रतिनिधिले बोल्नुपर्ने हो, तर उहाँहरू प्रमुख नेताहरूको स्वार्थ र अधीनमा छन्, त्यसैले सत्यतथ्य बोल्न सकिरहेका छैनन् ।

त्यसैगरी केही राजनीतिक आस्थाका कानुनका विद्यार्थीहरूले संसद् पुनर्स्थापनाको मुद्दा छोटो प्रक्रियाबाट टुङ्ग्याउन दबाब दिइराखेका छन् । श्रीमान् ! संवैधानिक आयोगका पदाधिकारीहरूको नियुक्ति सम्बन्धी परेको रिटमाथिको अस्वाभाविक निर्णय आउन त ४ वर्ष लाग्यो भने अहिले ७६ जनाको बलिदान, सयौँको अङ्गभङ्ग, हजारौँ घाइते, अर्बौंको




गुना बलिया देखिन्छन् ।

श्रीमान् ! संविधान जन्मेपछि संविधानभित्र भएका राम्रा धाराहरू जनताको पक्षमा प्रयोग गरिनुपर्थ्यो, तर त्यसको बदला हामीलाई सरकार बनाउने, गिराउने, जन्माउने, भत्काउने, अविश्वासको भोट राख्ने, संसद् विघटन र पुनर्स्थापना गर्ने संविधानका धाराहरूको मात्रै ज्ञान र शिक्षा दिलाइयो । यही नै सिक्न, पढ्न र सुन्न बाध्य बनाइयो । अहिलेसम्म हामीले पाएको गणतान्त्रिक संविधानको उपलब्धिहरू यतिमात्रै हुन् भन्दा हुन्छ ।

सम्मानित अदालतले बहुदलीय व्यवस्था बचाउनका लागि राजाको पालोमा संसद् पुनर्स्थापना गरेको थियो । तत्कालीन प्रधानमन्त्री केपी ओलीको पालामा गणतन्त्र बचाउनका लागि संसद पुनर्स्थापना भएको थियो । अहिले गणतन्त्रका स्तम्भहरू सबै जलेर खरानी भएता पनि राष्ट्रपतिले आवश्यकताको सिद्धान्त अनुसार संविधानको कमभन्दा कम क्षतिमा देश र संविधान बचाएका छन् । पेटभित्र लागेको क्यान्सरलाई चिकित्सकले शल्यक्रिया गरेर बिरामी बचाएपछि बिरामीले काटेको ठाउँमा दाग किन देखियो भनेर बखडा गरेजस्तै अहिले पार्टीका कैयौँ गुना बलिया देखिन्छन् । अर्कोतिर संसद् भवन अगाडि जहाँ गणतन्त्रको संविधान जन्मिएको थियो, त्यसैको अगाडि स्कुलका ड्रेसमा मारिएका विद्यार्थीहरूको बलिदान संविधानको कुन धाराले न्यायोचित प्रमाणित गर्दछ ?

विद्रोहको समयमा दुई तिहाइको संवैधानिक सरकार, विद्यार्थीहरूलाई गोली हानेर पनि संविधानका धाराहरू बचाउन नसकेर भाग्ने, अनि पछि आएर असंवैधानिक सरकार मान्दैनौँ भन्नु, खेलमैदान छोडेर भाग्नेले पछि आएर हामी प्रथम भएका हौँ भनेर बल मिचाइ गर्नुजस्तै हो ।

श्रीमान् ! देश असहज स्थितिबाट गुज्रिरहेको छ, असफलतातिर अगाडि बढिराखेको देखिन्छ । विदेशीहरूको हस्तक्षेप बढिरहेको कुरा जिम्मेवार नेताहरूबाट सुन्नमा आइरहेको छ । विभिन्न अस्थिरतावादी समूह सक्रिय छन्, कोही चुनाव बिथोल्न चाहन्छन्, कोही संविधान मास्न चाहन्छन् । पार्टीभित्रका नेता र समूहबाट आफ्नो अस्तित्व र प्रतिष्ठा बचाउनका लागि विभिन्न भ्रम सिर्जना गर्ने कार्य भइरहेको छ ।

अहिलेको अवस्थामा जनता आफ्नो आक्रोश भोटबाट पोख्न चाहन्छन् । यो आक्रोशलाई संसद् क्षति, गणतन्त्रका स्तम्भहरू खरानी भई सरकारविहीन अवस्था आएपछि भएको संसद् विघटनको गम्भीर मुद्दाको निर्णय आउन समय अवश्य लाग्ने नै छ ।


यस्तो अवस्थामा हतार-हतारमा बृहत् छलफल र बहस नगरी संसद् पुनर्स्थापना भयो भने एक पक्षको जित अर्को पक्षको हार हुनेछ । त्यसपछि अस्थिरतावादी शक्तिले हारेको पक्षलाई उचालेर देशलाई नयाँ द्वन्द्वमा फसाउने देखिन्छ । दुई तिहाइ बहुमतको सरकारले जन्माएको थियो जेनजी विद्रोह । फेरि तिनै समूहलाई राज्य सत्ताको साँचो सुम्पियो, सहिदको बलिदानमाथि अन्याय भयो भनेर अकल्पनीय स्थिति सिर्जना गराउन सक्छ ।

अहिलेको अवस्थामा जनता आफ्नो आक्रोश भोटबाट पोख्न चाहन्छन् । यो आक्रोशलाई संसद् पुनर्स्थापनाबाट रोक्ने कोसिस गरियो भने अर्को नयाँ विद्रोह जन्मिन सक्छ । त्यसैले न्यायमूर्तिहरूले विवेक प्रयोग गर्ने समय आएको छ- संविधानको केही धारा बचाउने कि देश बचाउने ?चुनावले नै ट्र्याक बाहिर गएका संवैधानिक धाराहरूको उपचार गरिदिन्छ । यदि संविधान नै मिचेको कुरा गर्ने हो भने देश बाचिरहे दर्जनौँ संविधान पुनः लेख्न सकिन्छ ।रातोपाटी

# एआईमा आधारित शिक्षण विधिको अभ्यास



लीलाराज भट्टराई




आर्टिफिसियल इन्टिलिजेन्स (एआई)ले हरेक क्षेत्रमा आमूल परिवर्तन ल्याउँदैछ । एआईले केही वर्षभित्रै शिक्षा क्षेत्रमासमेत युगान्तकारी परिवर्तन ल्याउने निश्चित छ । आजको युगमा हामी एउटा यस्तो मोडमा उभिएका छौँ, जहाँ प्रविधिले हाम्रा हरेक बानी परिवर्तन गरिसकेको छ, तर हाम्रो शिक्षा प्रणाली अझै पनि पुरातन ढाँचामै अल्झिएको छ । एउटै कोठामा ३०-४० जनाभन्दा बढी विद्यार्थी, एउटै पाठ्यपुस्तक र एउटै गतिमा पढाउने शिक्षक रहने ढाँचा अब असान्दर्भिक भइसकेको छ ।

यसैबीच, अमेरिकाको टेक्सासस्थित अल्फा स्कुलले एउटा यस्तो उदाहरण प्रस्तुत गरेको छ, जसले शिक्षण सिकाइ प्रक्रियाको परिभाषा नै बदलिदिएको छ । अल्फा स्कुल सम्भवतः विश्वकै पहिलो यस्तो विद्यालय हो, जहाँ शिक्षक छैनन् । सो स्कुलको कक्षा कोठामा छिर्दा तपाईंले कुनै शिक्षकले बोर्डमा लेखेर पढाइरहेको देख्नुहुने छैन । बरु, विद्यार्थीहरू हेडफोन लगाएर एआई ट्यूटरसँग संवाद गरिरहेका देखिन्छन् । यस स्कुलको सबैभन्दा ठूलो विशेषता भनेको दिनमा दुई घण्टा मात्र पढाइ हुनु हो । सुन्दा पत्याउन गाहे लाग्छ तर त्यहाँका विद्यार्थीले दिनको मात्र दुई घण्टा पढेर बाँकी समय अन्य सिर्जनशील जीवनोपयोगी काममा बिताउँछन् । नतिजा भने अन्य परम्परागत विद्यालयको तुलनामा १० गुणा राम्रो र राष्ट्रियस्तरको शीर्ष एक/दुई प्रतिशतमा रहने गरेको छ ।

परम्परागत विद्यालयमा एउटा कक्षाको पूरा पाठ्यक्रम सक्न एक वर्ष लाग्छ । तर अल्फा स्कुलमा विद्यार्थीले मात्र २२ देखि ३० घण्टाको अध्ययनमा एउटा सिङ्गो कक्षाको पाठ्यक्रम पूरा गर्छन् । यो कसरी सम्भव छ भन्ने कुरा निम्न तथ्यहरुबाट प्रष्ट हुन्छ ।

निजीकृत पाठ्यक्रम : त्यहाँ एउटै कक्षाका सबै विद्यार्थीका लागि एउटै पाठ्यक्रम र पाठ्यपुस्तक हुँदैन । एआईले प्रत्येक विद्यार्थीको क्षमता, कमजोरी र रुचिको विश्लेषण गर्छ र सोही अनुसारको फरक-फरक पाठ्य सामग्री विकास गर्छ । यदि कुनै विद्यार्थीलाई फुटबल मन पर्छ भने एआईले गणितका समस्या फुटबलकै तथ्याङ्क प्रयोग गरेर सिकाउँछ । यसले सिकाइलाई 'बोझ' होइन, 'मनोरञ्जन' बनाउँछ ।

नब्बे प्रतिशतको मापदण्ड : कुनै पनि विद्यार्थीले एउटा पाठको कम्तीमा ९० प्रतिशत नबुझी अर्को पाठमा जानै पाउँदैन । परम्परागत विद्यालयमा कुन विद्यार्थीले कति बुझेका छन् भन्ने मापन गरिँदैन । तर अल्फामा औसत विद्यार्थीले पनि कम्तीमा ९० प्रतिशत पाठ नबुझी अर्को पाठमा जानै मिल्दैन । यसले गर्दा औसत विद्यार्थी पनि उत्कृष्ठ बन्छन् ।

तत्काल प्रतिक्रिया : गल्ती हुने वित्तिकै एआईले तुरुन्त सच्याउँछ । शिक्षकले हप्ता दिनपछि कापी जाँचेर गल्ती औंल्याउने समयसम्म विद्यार्थीले त्यो विषय बिर्सिसकेको हुन्छ । तर अल्फामा एआईको तत्काल प्रतिक्रियाले सिकाइको गति १० गुणा बढाउने गरेको छ ।

घोकाउने होइन, बुझाउनेः हाम्रा विद्यालयमा विद्यार्थीलाई घोकाउने चलन छ । यतिसम्मकी विद्यालयमा शिक्षकले घोकाएको भन्दा तलमाथि गर्न समेत विद्यार्थी मान्दैनन् । घोकेको कुरा चाँडै बिर्सने हुन्छ, तर अल्फामा घोकाउने हुने बुझाउने गरिन्छ । त्यसका लागि निश्चित समयमा एउटै विषय दोहोऱ्याइन्छ ।

बिदाभन्दा प्यारो विद्यालय : अल्फा स्कूलको अर्को सफलता भनेको विद्यार्थीको मनोविज्ञानमा ल्याएको परिवर्तन हो । त्यहाँका विद्यार्थीलाई आज घरै बस, स्कुल नजाउ भन्दा उनीहरू मान्दैनन् किनभने उनीहरूका लागि स्कुल रमाउने ठाउँ हो । खोजको केन्द्र हो ।

स्वभाविक रुपमा प्रश्न उठ्छ दुई घण्टा एआईसँग पढ्छन् । त्यसबाहेकको समय चाहीँ के गर्छन त ? एआई स्कुलमा त्यसबाहेकको समय विद्यार्थीले जीवन सिक्छन् । आफनो रुची र क्षमता अनुसारको जीवनोपयोगी सीप सिकिरहेका हुन्छन् । उनीहरु फुटबल, भलिबल, पौडी खेल्छन् । साना कक्षामा विद्यार्थी साइकल चलाउन सिक्छन् । कोडिङ सिकिरहेका देखिन्छन् । उनीहरुले दुई घण्टा बाहेकका समयमा उद्यमशीलता र पैसाको व्यवस्थापनका बारेमा सिक्छन् । उनीहरुलाई तीन कक्षादेखि नै वित्तीय साक्षरता र पाँच कक्षामा पुग्दा व्यवसाय कसरी चलाउने भन्ने ज्ञान सिकाइन्छ ।

त्यस्तै सानैदेखि सार्वजनिक भाषणकलामा जोड दिइएको हुन्छ । २ कक्षादेखि नै निर्धक्क बोल्ने कला सिकिरहेका देखिन्छन् । ५ कक्षा उत्तीर्ण विद्यार्थीलाई टिमवर्कको महत्वका बारेमा सिकाइन्छ । विभिन्न ब्यवसायलाई कसरी उच्चतम् स्तरसम्म पुऱ्याउन सकिन्छ भन्ने ज्ञान उनीहरुले पाइसकेका हुन्छन् । स्कुल तह पार गर्दा प्रत्येक विद्यार्थीसँग आफ्नो जीवनको लक्ष्य र त्यहाँ पुग्ने स्पष्ट मार्गचित्र बोकेर जीवनको नयाँ उडान भर्न तयार भएर निस्कने गर्दछन् ।

नेपालको शिक्षा प्रणालीमा सुधारका लागि सुझावहरू

नेपालको सन्दर्भमा हामीले तुरुन्तै अल्फा स्कुलकै जस्तो महँगो भौतिक पूर्वाधार बनाउन नसके पनि यसले सिकाएको पाठलाई आत्मसाथ गरेर शिक्षामा परिवर्तनको सुरुआत गर्न सक्छौँ । ढिलो,चाँडो हामीले शिक्षामा एआई प्रयोग नगरी सुखै छैन । एआई साक्षर बनाउन सानै कक्षादेखि एआई पढाउन ढिलो गर्नुहुँदैन । अबको शिक्षा 'के सोच्ने' भन्नेमा होइन, 'कसरी सोच्ने' भन्नेमा केन्द्रित हुनुपर्छ । एआई त्यसको सबैभन्दा शक्तिशाली हतियार हो । नेपालले अब ढिलो नगरी यो हतियारको सही सदुपयोग गर्नुपर्छ । हाम्रो शिक्षा प्रणालीमा परिवर्तन ल्याउन निम्न कुरामा जोड दिनुपर्ने देखिन्छ ।

शिक्षकको भूमिकामा परिवर्तनः शिक्षकको भूमिका परिवर्तन गरी 'मेन्टर' वा 'गाइड' मा बदल्नुपर्छ । पाठ्यपुस्तकको ज्ञान दिन एआई र प्रविधिको प्रयोग गर्ने र शिक्षकले विद्यार्थीको अनुशासन, चरित्र निर्माण र प्रेरणामा ध्यान दिने वातावरण बनाउनुपर्छ ।

'वान साइज फिट्स अल' पाठ्यक्रमको अन्त्य : नेपालको पाठ्यक्रम अत्यन्तै केन्द्रिकृत र बोझिलो छ । हामीले एआई आधारित सफ्टवेयर प्रयोग गरेर विद्यार्थीको रुचि अनुसारको सिकाइ सुरु गर्नुपर्छ । जुम्लाको विद्यार्थी र काठमाडौँको विद्यार्थीको परिवेश फरक छ । त्यसैले उनीहरूको उदाहरण र सिकाइको शैली पनि फरक हुनुपर्छ ।

सीपमा आधारित शिक्षः हाम्रो शिक्षा प्रणालीले प्रमाणपत्रधारी तर बेरोजगार जनशक्ति उत्पादन गरिरहेको छ । एआईमा आधारित अल्फा स्कुलबाट सिकेर हामीले कम्तीमा ५० प्रतिशत सीप सिकाउनुपर्छ । एआई, कृषिको आधुनिक प्रविधि, वित्तीय साक्षरता र कोडिङ जस्ता विषयलाई विद्यालय तहदेखि नै अनिवार्य गर्नुपर्छ ।

'डिजिटल डिभाइड' कम गर्न एआई ट्याब्लेट : नेपालका दुर्गम क्षेत्रमा गुणस्तरीय शिक्षक पुग्न गाह्रो छ । तर यदि हामीले 'अफलाइन एआई ट्यूटर' भएका ट्याब्लेट वितरण गर्न सक्यौँ भने हुम्लाको एउटा बच्चाले पनि काठमाडौँको भन्दा उत्कृष्ट शिक्षा पाउन सक्छ । यसले शिक्षामा रहेको असमानता हटाउनेछ ।

मूल्याङ्कन पद्धतिको पुनरावलोकन : वर्षको अन्त्यमा लिइने तीन घण्टाको परीक्षाले विद्यार्थीको वास्तविक क्षमता मापन गर्दैन । हामीले 'कन्टिन्युअस एसेसमेन्ट' र एआई आधारित ट्र्याकिङ सुरु गर्नुपर्छ, जहाँ विद्यार्थीले कति घण्टा र कति दिन स्कुलमा बितायो भन्दा पनि कति ज्ञान हासिल गऱ्यो भन्ने कुराले महत्व पाउनुपर्छ ।

## चुनौती र भविष्य

एआई स्कुलको अवधारणा सुन्दा जति आकर्षक छ, यसका चुनौती पनि त्यति नै छन् । स्क्रिन टाइमको व्यवस्थापन, मानवीय संवेदनाको कमी हुन नदिने र प्रविधिमा सबैको पहुँच पुऱ्याउनु ठूलो चुनौती हो । तर, परम्परागत शिक्षा प्रणाली असफल जस्तै भइसकेको अवस्थामा यो जोखिम लिनुको विकल्प छैन । अल्फा स्कुलले प्रमाणित गरिदिएको छ कि शिक्षाको उद्देश्य 'धेरै पढाउनु' होइन, 'राम्रोसँग सिकाउनु' हो । एआईले शिक्षाको पहुँचलाई लोकतान्त्रिक बनाउँदैछ । नेपालले समयमै यो प्रविधिलाई अङ्गीकार गर्न सक्यो भने हाम्रा बालबालिका विश्व बजारमा कसैभन्दा कम हुने छैनन् ।

# तत्कालीन गृहमन्त्री लेखकको भ्रमण फुकुवा



काठमाण्डु । गत भदौ २३ र २४ को घटनासम्बन्धी जाँचबुझ आयोगले तत्कालीन गृहमन्त्री रमेश लेखकको भ्रमण फुकुवा गरेको छ । आयोगको विहीबारको बैठकले पूर्वगृहमन्त्री लेखकको विदेश भ्रमणमा रोक्का लगाउने र स्वीकृति बेगर काठमाडौँ उपत्यका छाड्न नपाउने व्यवस्था फुकुवा गरेको शाखा अधिकृत रेशम बुढा क्षेत्रीले जानकारी दिनुभयो ।

आयोगले विहीबार गृह मन्त्रालयलाई पत्र लेखी लेखकको भ्रमण फुकुवाको जानकारी गराएको छ । आयोगले सो पत्रको बोधार्थ प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन, परराष्ट्र मन्त्रालय, प्रहरी प्रधान कार्यालय र निज लेखकलाई दिइएको छ ।

बैठकले भदौ २३ र २४ गतेको घटनाको छानविन तथा जाँचबुझका लागि अनुसन्धानका दायरामा रहेको भन्दै आयोगले गत असोज १२ गते लेखकको विदेशमा भ्रमणमा रोक्का लगाउने र स्वीकृति बेगर काठमाडौँ उपत्यका छाड्न नपाउने निर्णय गरेको थियो ।सो घटनाका सम्बन्धमा तत्कालीन गृहमन्त्री लेखकले केही दिनअघि आयोगमा बयान दिनुभएको थियो ।रासस

# नेपालको राष्ट्रिय पहिचानको संरक्षणमा सबै जुट्नुपर्छः सञ्चारमन्त्री खरेल

**१३औँ राष्ट्रिय पोसाक दिवस तथा अन्तरराष्ट्रिय धोती र टोपी दिवस-२०८२ को अवसरमा राष्ट्रिय धरोहर संरक्षण प्रतिष्ठानले विहीबार आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री खरेलले राष्ट्रिय पहिचानको प्रवर्द्धन अभियानलाई सरकारको साथ रहने विश्वास व्यक्त गर्नुभयो ।**



काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले नेपाको राष्ट्रिय पहिचानको संरक्षण र प्रवर्द्धनमा सबै जुट्नुपर्नेमा जोड दिनुभएको छ ।

१३औँ राष्ट्रिय पोसाक दिवस तथा अन्तरराष्ट्रिय धोती र टोपी दिवस-२०८२ को अवसरमा राष्ट्रिय धरोहर संरक्षण प्रतिष्ठानले विहीबार आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री खरेलले राष्ट्रिय पहिचानको प्रवर्द्धन अभियानलाई सरकारको साथ रहने विश्वास व्यक्त गर्नुभयो ।

सञ्चारमन्त्री खरेलले भन्नुभयो, "राष्ट्रियताको प्रवर्द्धन गर्न सरकार प्रतिबद्ध छ, राष्ट्रिय झण्डा भन्ने वित्तिकै यसप्रतिको श्रद्धा अगाध झल्किन्छ । राष्ट्रिय एकताको प्रतिक राष्ट्रिय झण्डा हो, जसले सबै नेपालीलाई जोड्नसक्छ । हामी जो जहाँ छौ, नेपाली हुनुको पहिचान जोगाउने कार्यमा सक्रिय भएर लागौँ ।"

मन्त्री खरेलले राष्ट्रिय पोशाकलाई सरकारी मान्यता दिने र उत्सवको रुपमा दिवस मनाउने सन्दर्भमा आफू अभियानको साथमा रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "नवजवान युवाहरुले विहे, व्रतवन्ध, भोज र औपचारिक कार्यक्रम तथा भव्य र सभ्य समारोहमा दौरा, सुरुवाल, कोट, टोपी, साडी, चोलो लगाएर कार्यक्रममा उपस्थित हुदा राष्ट्रिय महत्व आफैमा बढेको छ । विश्वभर नेपालीको पहिचानको परिचय दिइरहदाँ शिरमाथी लगाएको ढाका टोपी दौरा सुरुवाल हो । नेपाल र नेपाली चिनाउने राष्ट्रिय पोशाक नै हो, त्यसैले यसको संरक्षणमा सबै लाग्नुपर्छ ।"

प्रतिष्ठानका अध्यक्ष राजानन्द मण्डलले राष्ट्रिय झण्डा र राष्ट्रिय पोशाकको गरिमा र ओझ बढाउने कार्यमा सबै जिम्मेवारीपूर्वक लाग्नुपर्नेमा जोड दिनुभयो । सो अवसरमा राष्ट्रिय हित प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुर्याउने विभिन्न व्यक्तित्वहरुलाई सम्मान गरिएको थियो ।रासस

# जाँचबुझ आयोगले तत्कालीन प्रधानमन्त्री ओलीलाई पत्राचार गर्ने




काठमाण्डु । गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनसँग सम्बन्धित विषयमा जाँचबुझ गर्न गठित आयोगले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीलाई बयानका लागि पत्राचार गर्नेभएको छ ।

आयोगका अध्यक्ष गौरीबहादुर कार्कीले विहीबार सञ्चारकर्मीको प्रश्नको जवाफमा तत्कालीन गृहमन्त्री रमेश लेखकसँग बयान लिने काम सम्पन्न भएसँगै अब तत्कालीन प्रधानमन्त्री ओलीलाई बयानमा बोलाउन पत्रचार गर्न लागेको स्पष्ट गर्नुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष एवम् तत्कालीन प्रधानमन्त्री ओलीले सो आयोगको कानुनी हैसियत र स्वच्छतामा प्रश्न उठाउँदै बयान दिन आयोगमा नजाने पक्षमा आफ्नो भनाइ सार्वजनिक गरिरहनुभएको अवस्थामा आयोगले पत्राचार गरेको हो ।

यसैगरी आयोगलाई थप गरिएको समय सीमाभित्र प्रतिवेदन बुझाउने गरी आफूहरूले काम गरिरहेको उहाँले बताउनुभयो । गत असोज ५ गतेको मन्त्रिपरिषद् बैठकबाट गठित तीन सदस्यीय आयोगको कार्यकाल आगामी माघ ५ गतेसम्मका लागि थप गरिएको छ ।रासस

# वर्तमान सरकारले निर्वाचनमार्फत जिम्मेवारी हस्तान्तरण गर्नेछः गृहमन्त्री अर्याल



काठमाण्डु । गृहमन्त्री ओमप्रकाश अर्यालले वर्तमान सरकार विधिको शासन, भ्रष्टाचारमुक्त प्रशासनको प्रत्याभूति गर्दै सुशासन कायम गरी निर्वाचनमार्फत जिम्मेवारी हस्तान्तरण गर्ने उद्देश्यसहित निर्वाचनको तयारीमा लागिसकेको बताउनुभएको छ ।

अध्यागमन विभागद्वारा विहीबार आयोजित 'विदेशी नागरिक व्यवस्थापन सूचना प्रणाली' (एफएनएमआइएस) कार्यक्रमको शुभारम्भ गर्दै मन्त्री अर्यालले आसन्न निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न यथास्थानबाट सरोकार भएका सबैको यथोचित भूमिकाको अपेक्षा पनि सरकारले गरेको बताउनुभयो । उहाँले नेपाल भ्रमण गर्ने विदेशी नागरिकको भ्रमण सुरक्षा, सूचनामा सहजीकरण, सम्भावित अपराध नियन्त्रण र नेपालको पर्यटन प्रवर्द्धनमा सहयोग पुर्याउने उद्देश्यले आज शुभारम्भ भएको यस प्रणाली अध्यागमन सूचना व्यवस्थापन प्रणालीमा एक कोशेढुङ्गा साबित हुने विश्वास व्यक्त गर्नुभयो ।

विभागका महानिर्देशक रामचन्द्र तिवारीले यस प्रणालीले अध्यागमन कानुन बमोजिम विदेशी नागरिकको आवतजावत र बसाइँलाई प्रभावकारी बनाउने, आगन्तुकको व्यक्तिगत सुरक्षा थप मजबुत बनाउने, विपद्को समयमा खोजी तथा उद्धारमा सहजीकरण गर्ने, नेपाल बसाइँका क्रममा हुनसक्ने अवाञ्छित क्रियाकलापलाई निगरानी गर्ने, अपराध भएमा अनुसन्धान प्रभावकारी बनाउने र विश्वस्तरमा नेपाललाई सुरक्षित पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सहयोग पुर्याउने रहेको बताउनुभयो ।रासस

# कोशी प्रदेश सरकार शीघ्र पुनर्गठन गरिने मुख्यमन्त्री कार्कीको भनाइ



मोरङ । कोशी प्रदेश सरकारका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले प्रदेश सरकार शीघ्र पुनर्गठन गर्ने बताउनुभएको छ । प्रेस चौतारी नेपाल मोरङद्वारा विहीबार विराटनगरमा आयोजित प्रदेशस्तरीय शालिग्राम-मञ्जु दाहाल पत्रकारिता पुरस्कार वितरण कार्यक्रममा उहाँले प्रदेश सरकार पुनर्गठनका विषयमा गठबन्धन दलका नेतासँग छलफल गरी निर्णय गर्ने जानकारी दिनुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का नेतासमेत रहनुभएका मुख्यमन्त्री कार्कीले आफ्नो पार्टी आगामी संसदीय निर्वाचनबाट नभाग्ने बताउँदै यसका लागि सरकारले निष्पक्ष र भयरहित वातावरणमा मतदान गर्ने अवस्था सिर्जना गर्नुपर्नेमा जोड दिनुभयो ।

मुख्यमन्त्री कार्कीले सोही कार्यक्रममा नेपाल कम्युनिष्ट पार्टी (एमाले) को ११औँमहाधिवेशनमा मोरङबाट केन्द्रीय सदस्य जीवन घिमिरे, ऋषिकेश पोखरेल, दिलीप अग्रवाल र पर्शुराम बस्नेतलाई बधाई दिनुभएको थियो ।

त्यसैगरी यस वर्षको शालिग्राम-मञ्जु दाहाल पत्रकारिता पुरस्कारबाट उदयपुरको कटारीकी रेणु पराजुलीलाई रु २१ हजारसहित सम्मानित गरिएको छ । चौतारी मोरङ अध्यक्ष चीना थापा, इन्चार्ज सुमन सुस्केरा, उपाध्यक्ष जुनु भट्टराईलगायतले समाजमा पछाडि परेका वर्गको उत्थानमा सञ्चारकर्मीले कलम चलाउनुपर्ने सुझाव दिनुभयो ।रासस

# चालु आवको पहिलो त्रैमासिकमा जिल्ला प्रशासन कार्यालय मनाङ देशभरकै उत्कृष्ट




काठमाण्डु । चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो त्रैमासिकमा मनाङ जिल्लाको कार्यसम्पादन देशभरकै उत्कृष्ट ठहरिएको छ । गृह मन्त्रालयले त्यस अवधिमा गरेको कार्यसम्पादन मूल्याङ्कनमा मनाङ उत्कृष्ट ठहरिएको हो ।

मन्त्रालयले हालै सार्वजनिक गरेको मूल्याङ्कन नतिजाअनुसार कुल २९ दशमलव २५ पूर्णाङ्कमध्ये मनाङले २८दशमलव ७५ अङ्क प्राप्त गर्दै ७७ वटै जिल्ला प्रशासन कार्यालयहरूमध्ये पहिलो स्थान हासिल गरेको हो । 'ग' वर्गका जिल्लामध्ये मनाङ शीर्ष स्थानमा रहँदा, 'ग' वर्गकै जिल्ला प्रशासन कार्यालय रसुवाले २८ दशमलव ६८७५ अङ्कसहित दोस्रो स्थान हासिल गरेको छ ।

यसैगरी, 'ख' वर्गका जिल्लामध्ये जिल्ला प्रशासन कार्यालय धनकुटाले २८ दशमलव पाँच अङ्क प्राप्त गर्दै तेस्रो स्थान हासिल गरेको छभने 'ख' वर्गकै जिल्ला प्रशासन कार्यालय स्याङ्जाले २८ दशमलव ३७५ अङ्कसहित चौथो स्थान प्राप्त गरेको छ । यस्तै, 'ख' वर्गकै जिल्ला प्रशासन कार्यालय पर्वतले २८ दशमलव ३१२५ अङ्क प्राप्त गर्दै पाँचौँ स्थान हासिल गरेको र 'क' वर्गका जिल्लातर्फ जिल्ला प्रशासन कार्यालय ललितपुरले २८ दशमलव २५ अङ्कसहित छैटौँ स्थान प्राप्त गरेको जनाइएको छ ।

मनाङका प्रमुख जिल्ला अधिकारी नवराज पौड्यालले मनाङजस्तो विकट जिल्लामा रहेर जनताको सेवा गर्न पाउँदा आफूलाई गर्व लागेको बताउनुभयो । उहाँले भन्नुभयो, "सन्तुष्टि र आत्मसम्मानका आधारमा काम गर्ने हो, सोही अनुसार नतिजा प्राप्त हुँदा खुसी लाग्छ ।"

मनाङ जिल्ला मूल्याङ्कनमा सर्वोत्कृष्ट हुनुका आधार प्रस्तुत गर्दै प्रजिअ पौडेलले सोलारको माध्यमबाट विद्युत् आपूर्ति नियमित गरेर 'अनलाइन' सेवा प्रदान गरेको जानकारी दिनुभयो । उहाँका अनुसार घुम्ती शिविर सञ्चालन गरेर सबै पालिकामै गएर जनतालाई राष्ट्रिय परिचयपत्र उलब्ध गराएको र विपद् व्यवस्थापनलाई प्रभावकारी तुल्याइएको छ । यसैगरी जिल्ला प्रशासन कार्यालयमा आउने गुनासाहरूलाई समयमै फछ्र्यौट गरिएको उहाँले बताउनुभयो ।

यसैगरी अर्को मूल्याङ्कनको आधार जिल्लामा पर्ने उजुरी एक वर्षभित्र फछ्र्यौट गर्नुपर्ने प्रावधानलाई एक महिनामै टुङ्ग्याउने काम गरेको प्रजिअ पौडेलले जानकारी दिनुभयो । "यसका साथै नेपाल-चीन बोर्डरमा बोडर आउट पोष्ट (बिओपी) राख्नका लागि जग्गा व्यवस्थापन गरी सशस्त्र प्रहरीलाई हस्तान्तरण गरिएको छ । नागरिकलाई प्रत्यक्ष असर पार्ने सडक पूर्वाधारलाई नियमित र व्यवस्थित गरिएको छ । जसले गर्दा सडकमार्फत सदरमुकामसम्मको पुग्ने समय किफायत भएको छ । जिल्ला प्रशासनक कार्यालयको पहलमा भएका यस्ता कार्यले जनता र सरकारबीचको सामीप्यता गहिरो बनाएको छ । जनताले सरकारको अपनत्व महसुस गरेका छन्", प्रमुख जिल्ला अधिकारी पौडेलले भन्नुभयो ।

हाल मनाङमा माइनस १० डिग्री तापक्रमसम्म पुगेको उल्लेख गर्दै उहाँले जोखिमको अवस्थामा पनि जनताको सेवा गर्न सबै लागिरहेको बताउनुभयो । इलाका प्रशासन कार्यालय फर्पिङका प्रमुख रहेका उपसचिव पौड्याललाई गृह मन्त्रालयले गत भदौ ४ गते मनाङको प्रमुख जिल्ला अधिकारीको जिम्मेवारी दिएको थियो । मनाङ उपसचिवस्तरको प्रमुख जिल्ला अधिकारी रहने जिल्ला हो ।

त्यसपछि गृह सचिवसँग गरिएको कार्यसम्पादन सम्झौतामा तोकिएका मापदण्डहरू पूर्ण रूपमा कार्यान्वयन गर्न आफूले सबै कर्मचारीको साथ लिएर काम गरेको र त्यसकै आधारमा मन्त्रालयले मूल्याङ्कन गरेको उहाँले सुनाउनुभयो । प्रजिअ पौडेलले जिल्ला प्रशासन कार्यालयका कर्मचारी तथा सुरक्षाकर्मीसहित जिल्लास्थित सबै कार्यालयहरूको सामूहिक प्रयासको नतिजा प्राप्त भएको बताउनुभयो ।

गृह मन्त्रालयले प्रत्येक वर्ष जिल्ला प्रशासन कार्यालयहरूको सेवा प्रवाह, कार्यसम्पादन क्षमता, जनउत्तरदायित्व, प्रशासनिक कार्यशैलीलगायतका सूचक र मापदण्डका आधारमा नियमित रूपमा कार्यसम्पादन मूल्याङ्कन गर्दै आएको छ ।रासस


## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२ साल पुष महिना १८ गते शुक्रबार)

यस विकास बैंकको शाखा कार्यालय गोलबजारबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले १६ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले १५ औ दिनको कार्यालय समय भित्र यस बैकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**१) कर्जा शीर्षक : सरल व्यवसायिक कर्जा**

**ऋणीको विवरण**

नाम : **एस. के. जेनरल पसल** प्रोपाइटरको नाम : सन्तोष कुमार सिंह प्रा.फ.र.नं. : ६००१/०७३/०७४
दर्ता जारी गर्ने कार्यलय : घरेलु तथा साना उद्योग कार्यालय लहान, सिराहा दर्ता मिति : २०७३/०८/१५
फर्मको ठेगाना : सिराहा जिल्ला धनगढीमाई न.पा. वडा नं. १ स्थायी लेखा नं. : ६०५४७६६१५

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) पतासी महतो कोईरीको छोरी कुमर सिंहको बुहारी असर्फी प्रसाद सिंहको पत्नी सिराहा जिल्ला धनगढीमाई न.पा. वडा नं. १० बस्ने **नेपुर देवी सिंह** (ना.प्र.नं. : १५-०१-७६-११६०८ जारी मिति र जिल्ला : २०७६/०९/१७, सिराहा)

२) कुमर सिंहको नाति असर्फी प्रसाद सिंहको छोरा सिराहा जिल्ला धनगढी गा.वि.स वडा नं. २ हाल, धनगढीमाई न.पा. वडा नं. १० बस्ने **सन्तोष कुमार सिंह** (ना.प्र.नं. : १५-०१-६९-०६५०७ जारी मिति र जिल्ला : २०६९/१२/२६, सिराहा)

३) गोविन्द सिंहको नाति कुमर सिंहको छोरा सिराहा जिल्ला धनगढी वडा नं. २ हाल, धनगढीमाई न.पा. वडा नं. १० बस्ने **असर्फी प्रसाद सिंह** (ना.प्र.नं. : १५३०२२/७७४ जारी मिति र जिल्ला : २०६३/१२/२५, सिराहा)

**यसअघि प्रकाशित गरिएको सार्वजानिक सूचनाको विवरण :**
१) मिति २०८२/०२/०७ को अभियान राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने
२) मिति २०८२/०३/१६ को टुडे राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम बिक्री सम्बन्धी २१ दिने

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धनीको नाम | ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (विघा) |
|---|---|---|---|---|
| अर्सफी प्रसाद सिंह | सिराहा जिल्ला नैनपुर वडा नं. १ | १क | ११३८ | ०-०-७-० |

**२) कर्जा शीर्षक : कृषि आवधिक कर्जा**

**ऋणीको विवरण**

नाम : **वविता कृषि फार्म** प्रोपाइटरको नाम : वविता कुमारी महतो प्र.फ.न.घ.उ.सि. : १२०२०/०७७/०७८
फर्मको ठेगाना : सिराहा जिल्ला धनगढीमाई गा.पा. वडा नं. १२ दर्ता मिति : २०७७/१०/०८
दर्ता जारी गर्ने कार्यलय : घरेलु तथा साना उद्योग कार्यलय, लहान (सिरहा) स्थायी लेखा नं. : ६१४८९३१८०

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) धर्मनाथ महतोको छोरी रजेन्द्र महतोको बुहारी पुनम महतोको पत्नी सिराहा जिल्ला विष्णुपुरकट्टी वडा नं. ६ हाल, धनगढीमाई गा.पा. वडा नं. १२ बस्ने **वविता कुमारी महतो** (ना.प्र.नं. : १५१०२१/१२६ जारी मिति र जिल्ला : २०६५/०३/०८, सिराहा)

२) बौएलाल महतोको नाति रजेन्द्र महतोको छोरा सिराहा जिल्ला विष्णुपुरकट्टी वडा नं. ६ हाल, धनगढीमाई गा.पा. वडा नं. १२ बस्ने **पुनम महतो** (ना.प्र.नं. : ११४६/२३५६९ जारी मिति र जिल्ला : २०५८/०१/१७, सिराहा)

**यसअघि प्रकाशित गरिएको सार्वजानिक सूचनाको विवरण :**
१) मिति २०८१/०५/२० को कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धमा ३५ दिने
२) मिति २०८१/०९/०९ को जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम बिक्री सम्बन्धी २१ दिने

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धनीको नाम | ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (विघा) |
|---|---|---|---|---|
| पुनम महतो | सिरहा जिल्ला विष्णुपुर प्र.ध. वडा नं. ६ | ६घ | २२३ | ०-४-०-० |
| | | | १६६ | ०-३-१४-० |
| | | | १७१ | ०-४-१५-० |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात मिति २०८२ साल माघ महिना २ गते शुक्रबार भित्र यस बैकको शाखा कार्यालय गोलबजार आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) बोलपत्र साथ आफुले बोलकबोल गरेको रकमको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी स्वरुप संस्थाको मुख्य कार्यालयमा रहेको खाता नं. ०१३-९२७७४१०१००५ मा बोलपत्र पेश गर्ने अन्तिम मितिसम्म जम्मा गरी सो को सक्कल भौचर वा सो बराबरको यस बैंकको नाममा खिचिएको पेश गर्ने अन्तिम मिति भित्रको Good For Payment Cheque संलग्न गर्नु पर्नेछ ।
५) प्राप्त बोलपत्रहरु मिति २०८२ साल माघ महिना ४ गते आइतबार दिउसो ३:०० बजे यस बैकको शाखा कार्यालय गोलबजारमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
६) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
८) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।
९) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

# सन् २०२६ लाई आतशबाजीसँगै स्वागत




एएफपी

न्युयोर्क। विश्वभरका मानिसहरूले एक अस्थिर वर्षलाई बिदाई दिँदै बिहीबार सन् २०२६ को सुरुआत उत्साह र आतशबाजीका साथ मनाएका छन्। सन् २०२५ मा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले विश्वव्यापी व्यापार प्रवर्द्धन गर्नुभयो, युक्रेनमा क्रूर द्वन्द्व भड्कियो र तापमान बढ्दै गयो।

विनाशकारी गाजामा नाजुक युद्धविराम भए पनि सुडानमा हिंसा निरन्तर रह्यो । भ्याटिकनमा नयाँ अमेरिकी पोपको स्थापना भयो, विश्वले अग्रगामी प्राणीशास्त्री जेन गुडअललाई गुमायो र लाबुबु पुतलीहरूले विश्वव्यापी चिन्ता र उत्सुकता सिर्जना गऱ्यो ।सिड्नीमा मध्यरातको आतशबाजी अघि बोन्डी बिचमा सामूहिक गोलीबारीका पीडितहरूको सम्झनामा एक मिनेट मौन धारण गरियो। ३० वर्षको सबैभन्दा घातक सामूहिक गोलीबारीपछि तटरेखामा भारी सुरक्षा व्यवस्था गरियो र सिड्नी हार्बर ब्रिजलाई शान्तिको प्रतीकका रूपमा सेतो प्रकाशमा नुहाइएको थियो।

प्रशान्तका राष्ट्रहरू, सियोल र टोकियोले सिड्नीको उत्सवलाई प्रत्यक्ष र अनलाइन मार्फत मनाए । हङकङमा नोभेम्बरको आगलागीमा मारिएका १६१ जनाको सम्मानमा मुख्य आतशबाजी रद्द गरिएको थियो ।युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले रुससँगको लडाइँ अन्त्य गर्ने सम्झौताबाट अझै १० प्रतिशत टाढा रहेको बताउनुभयो। रुसका राष्ट्रपति भ्लादिमिर पुटिनले नयाँ वर्षको सम्बोधनमार्फत देशवासीलाई दोस्रो विश्वयुद्धपछिको युरोपको सबैभन्दा घातक द्वन्द्वमा विजय दिलाउने विश्वास व्यक्त गर्नुभयो।

युक्रेनी सहर विश्गोरोडमा ब्युटी सलुनकी प्रबन्धक डारिया लुस्चिकले युद्धले उहाँको कामलाई कठिन बनाएको तर ग्राहकहरू अझै पनि आइरहेको बताउनुभयो। "हाम्रा केटीहरू भित्र आउन र आफूलाई ग्लैम बनाउनबाट कुनै पनि कुराले रोक्न सक्दैन", उहाँले भन्नुभयो ।सन् २०२५ ले धेरैका लागि तनाव र उत्साह ल्यायो । पप स्टार टेलर स्विफ्टले अमेरिकी फुटबल खेलाडी प्रेमी ट्राभिस केल्ससँग सगाई गर्नुभयो र के-पप समूह बिटिएसले लामो प्रतीक्षा पछि पुनरागमन गर्नुभयो ।

ट्रम्प जनवरीमा राष्ट्रपति बन्नुभयो, कर वृद्धि सुरु गर्नुभयो जसले विश्वव्यापी व्यापार र शेयर बजारलाई असर गऱ्यो । उहाँले इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुसँग पाँच बैठक गर्नुभयो र मार-ए-लागोमा भव्य समारोहमा आतिथ्य दिनुभयो । अक्टोबरमा ट्रम्पको दबाबमा इजरायल र हमासबीच नाजुक युद्धविराम भयो।

सिरियामा आन्तरिक चुनौती हुँदाहुँदै पनि जनता आशावादी देखिए। दमास्कसका बासिन्दाहरूले बशर अल-असदको पतनपछि नयाँ वर्ष मनाए। मार्केटिङ प्रबन्धक सहर अल-सइदले भन्नुभयो, "जनता खुसी छन्, सबै एकजुट छन् र भगवानले चाहे यो वर्ष राम्रो हुनेछ।"

दुबईको बुर्ज खलिफामा भव्य आतशबाजी र लेजर प्रदर्शनका लागि हजारौं दर्शक लाइनमा उभिए। रियो डी जेनेरियोको कोपाकाबाना समुद्र तटमा २५ लाखभन्दा बढी मानिस सहभागी भए। अमेरिका, बुल्गेरिया र एडिनबर्गका सहरमा पनि उत्सव र मनोरञ्जन चल्यो । न्युयोर्कमा टाइम्स स्क्वायरमा परम्परागत बल ड्रपका लागि हजारौं मानिस भेला भए। नजिकै सिटी हलमा जोहरान ममदानीले मुस्लिम मेयरका रूपमा शपथ लिनुभयो।

आउँदो वर्ष खेलकुद, अन्तरिक्ष र एआईमा चुनौती र उत्साहका वर्षको रुपमा रहनु अपेक्षित छ। फेब्रुअरीमा इटालीमा शीतकालीन ओलम्पिक, मध्यवर्षमा अमेरिका, मेक्सिको र क्यानाडामा फुटबल विश्वकप र नासाले चन्द्रमामा १० दिनको परिक्रमा गर्ने योजना बनाइरहेको छ।

# युक्रेन युद्धमा बढी क्षति बेहोर्दै रुस, अहिलेसम्म '२.५ लाख रुसी सैनिकको मृत्यु'

बीबीसी

काठमाण्डु। विगत १० महिनामा रुसले युक्रेनसँगको युद्धमा तीव्र गतिमा क्षति बेहोर्नुपरेको बीबीसीले गरेको विश्लेषणमा देखिएको छ। रुसले सन् २०२२ मा युक्रेनमा पूर्ण स्तरमा आक्रमण गर्न थालेको थियो।डोनल्ड ट्रम्पको नेतृत्वमा रहेको अमेरिकी प्रशासनको दबावमा सन् २०२५ मा शान्ति स्थापना गर्ने प्रयास बाक्लियो। तर गत वर्षको तुलनामा यो वर्ष रुसी सञ्चारमाध्यम र अन्य मञ्चमा मृत्यु भएका सैनिकहरूको सम्झनामा ४० प्रतिशत बढी 'अबिच्युअरी' प्रकाशित भए।बीबीसीले युक्रेनमा रुसको पक्षमा लड्न जाँदा ज्याउन गुमाउने झन्डै एक लाख ६०,००० जनाको नाम पुष्टि गरेको छ।



बीबीसी न्यूज रसियनले मानवाधिकारको क्षेत्रमा कार्यरत स्वतन्त्र संस्था 'मीडिअजोना' र स्वयंसेवकहरूको समूहसँग मिलेर सन् २०२२ को फेब्रुअरीयता रुसी युद्धमा भएको क्षतिको गणना गरिरहेको छाहामीले आधिकारिक विवरणहरू, पत्रपत्रिका, सामाजिक सञ्जाल र नयाँ स्मारक र चिहानहरूको विवरण सङ्कलन गरेर ज्यान गुमाएका मानिसको अभिलेख राख्दै आएका छौं। ज्यान गुमाउने सैनिकहरूको वास्तविक सङ्ख्या अत्यधिक भएको आकलन गरिएको छ। चिहान, युद्धस्मारक र अबिच्युअरीले कुल मृतकको ४५ देखि ६५ प्रतिशत मात्र समेट्ने सैन्य विशेषज्ञहरूको धारणा छात्यसलाई आधार बनाउने हो भने रुसको पक्षमा मृत्यु हुनेहरूको सङ्ख्या दुई लाख ४३ हजारदेखि तीन लाख ५२ हजारको बीचमा हुन सक्छ।

कुनै निश्चित अवधिमा प्रकाशित हुने अबिच्युअरीको सङ्ख्याबाट मृत्यु पुष्टि भएका मानिसहरूको सङ्ख्याबारे प्रारम्भिक अनुमान गर्न सकिन्छ। मृत्युबारे प्राप्त हुने केही जानकारीहरू पुष्टि गर्न अतिरिक्त प्रमाण चाहिन्छ र तिनले पछि मान्यता नपाउन पनि सक्छन्। तर त्यस्तो सङ्ख्याले समयक्रममा लडाइँ कति चर्किँदै गएको छ भन्ने सङ्केत चाहिँ गर्न सक्छ। सन् २०२५ को ज्यानुअरीमा विगतका महिनाभन्दा कम सङ्ख्यामा अबिच्युअरी देखिएको थियो। तर फेब्रुअरीमा सङ्ख्या वृद्धि भयो। त्यतिबेला अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्प र भ्लादिमिर पुटिनले युक्रेनमा युद्ध अन्त्य गर्ने विषयमा छलफल गर्न पहिलो पटक प्रत्यक्ष भेट गरेका थिए। अगस्टमा अलास्कामा ट्रम्प र पुटिनबीच फेरि भेट भयो। त्यो भेटलाई अन्तर्राष्ट्रिय मञ्चमा एक्लिएको रुसको अवस्था सुधार गर्नका लागि पुटिनको "कूटनीतिक विजय"का रूपमा हेरियो।

अक्टोबरमा दुई नेताहरूबीच हुने भनिएको शिखरवार्ता स्थगित भयो अनि नोभेम्बरमा अमेरिकाले २८ बुँदे शान्तिप्रस्ताव अघि सार्‍यो। त्यस अवधिमा प्रतिदिन सरदर ३२२ वटा अबिच्युअरी प्रकाशित भए। त्यो सङ्ख्या सन् २०२४ को औसतभन्दा दुई गुना थियो।रुसले बेहोरेको क्षतिको बढ्दो क्रम कुनै एउटा कारणबाट उत्पन्न भएको हो भन्न कठिन छ। क्रेम्लिनले युक्रेनी भूभाग आफ्नो नियन्त्रणमा रहेको भन्दै अमेरिकासँगको वार्तालाई आफ्नो पक्षमा पार्न खोजेको छ। केही समयअघि पुटिनका सहयोगी युरी उशाकोफले "ताजा सफलताहरू" बाट सकारात्मक प्रभाव परेको बताएका थिए। शान्ति सम्झौता हुन सक्ने ठानेर जोखिम मोल्दै सेनामा भर्ती भएका मुरत मुकाशेफले ज्यान गुमाए।उनी अभियानकर्मी थिए। उनले भ्लादिमिर पुटिनका नीतिहरूको कहिल्यै समर्थन गरेनन्।

प्रहरीले गर्ने हिंसा र दिने यातनाविरुद्ध आयोजित प्रदर्शनमा उनी वर्षौं सहभागी भए। उनी एलजीबीटी समुदायको अधिकार र सन् २०२४ मा जेलमा मृत्यु भएका विपक्षी नेता एलेक्सी नभाल्नीको रिहाइको लागि ऱ्यालीमा सहभागी भएका थिए।उनले बारम्बार रुसले युक्रेनमा गरेको आक्रमणको सन् २०२२ देखि नै सामाजिक सञ्जालमा निन्दा गर्दै आएका थिए। त्यसपछि सन् २०२४ को सुरुमा उनलाई मस्कोस्थित उनकै घरनजिकैबाट पक्राउ गरियो। उनीमाथि ठूलो परिमाणमा लागुपदार्थ कारोबार गरेको अभियोग लाग्यो।

उनको परिवार र साथीभाइका अनुसार मुद्दा चल्दै गर्दा मुकाशेफलाई रक्षा मन्त्रालयसँग एउटा सम्झौता गर्ने प्रस्ताव आयो।उनीहरूले मुकाशेफविरुद्ध लगाइएका गम्भीर अभियोगहरू उनलाई सेनामा भर्ती गर्ने कुटिल चाल भएको आशङ्का गरे। सन् २०२४ को कानुनले सेनामा गए अभियुक्तलाई आपराधिक दोषबाट बाहिर निस्किने बाटो दिन्छ। मुद्दा लागेका एक प्रतिशतभन्दा कमले सफाइ पाउने देशमा त्यो एउटा आकर्षक विकल्प हो। मुकाशेफले त्यो प्रस्ताव अस्वीकार गरे। अदालतले उनलाई १० वर्षको जेल सजाय सुनायो।

जेल परेपछि सन् २०२४ को नोभेम्बरमा उनको धारणा फेरियो। ट्रम्पले युद्ध चाँडै अन्त्य गर्ने वाचा गरेपछि उनी सेनामा जान तयार भएको उनका साथीहरू बताउँछन्। मुकाशेफले शान्ति सम्झौता हुनुअघि नै जतिसक्दो चाँडो सेनामा भर्ती हुँदा आफू जेलमुक्त हुन सक्ने ठाने।"उनले त्यसलाई १० वर्षको कठोर जेल सजायभन्दा राम्रो अवसर ठाने," उनको समर्थन गर्ने समूहले एउटा विज्ञप्तिमा भनेको छ। यद्यपि अरूलाई मार्न अनिच्छुक व्यक्तिले कसरी युद्धमा होमिन तयार भए र सम्झौता गरे भन्ने कुरा चाहिँ स्पष्ट छैन।

सन् २०२५ को जुन ११ मा मुकाशेफ उत्तरपूर्वी युक्रेनको खार्किभ क्षेत्रमा भएको लडाइँमा मारिए। बीबीसीको तथ्याङ्कले देखाएअनुसार युद्ध सुरु हुँदाखेरि सेनासँग कुनै सम्बन्ध नभएका मुकाशेफजस्ता कैयौँ रुसीहरूले सन् २०२५ मा ज्यान गुमाए।तर सन् २०२३ को अक्टोबरमा अभ्डीयिभ्का सहर नियन्त्रणमा लिन भएको लडाइँको बेलादेखि हताहत हुने "स्वयंसेवक"को सङ्ख्या निरन्तर वृद्धि भएको छ। युक्रेनमा रुसले आक्रमण थालेपछि स्वेच्छापूर्क सैनिक बनेका मानिसलाई रुसी पक्षले स्वयंसेवक भन्ने गरेको छारुसले भर्ती गरेका नयाँ सैनिकहरूमा उनीहरूकै बाहुल्य छ। उनीहरू युक्रेन युद्ध सुरु हुनुअघि सेनामा सहभागी भएका वा पछि सैन्य सेवामा खटेका अरू व्यक्तिभन्दा भिन्न छन्।

एक वर्षअघि ज्यान गुमाउने रुसी सैनिकमध्ये १५ प्रतिशत त्यस्ता स्वयंसेवक थिए। तर सन् २०२५ मा उनीहरूको सङ्ख्या एकतिहाइ पुग्यो। सेनामा नयाँ भर्ती हुने सैनिकहरूको प्रवाहलाई कायम राख्न स्थानीय सरकारहरू दबावमा छन्। तिनले आकर्षक तलब दिने विज्ञापन, ठूलो ऋण भएका मानिसहरूसँग भेटघाट र विश्वविद्यालय तथा कलेजहरूमा भर्ती अभियान सञ्चालन गर्दै आएका छन्।

यसको अर्थ राजनीतिक दृष्टिकोणबाट जोखिमयुक्त बृहत्तर सैन्य परिचालनबाट जोगिँदै क्रेम्लिनले लडाइँको अग्रमोर्चामा भएको व्यापक क्षतिलाई कुनै न कुनै तरिकाले पूर्ति गरेको छ भन्ने लाग्छ।रुसको राष्ट्रिय सुरक्षा परिषद्का उपप्रमुख दिमित्री मेद्भेदेभका अनुसार अक्टोबरसम्ममा तीन लाख ३६ हजार जना सेनामा भर्ती भएका थिए। त्यो भनेको एक महिनामा सरदर ३० हजार जना भर्ती हुनु हो।उत्तर एट्लान्टिक सन्धि सङ्गठन (नेटो) का महासचिव मार्क रूटका अनुसार प्रत्येक महिना २५ हजार रुसी सैनिकको मृत्यु हुने गरेको छ।

यदि यी दुवै कुरा सही हुन् भने रुसले आफूले गुमाएकाभन्दा बढी सैनिक भर्ती गरिरहेको छ। अबिच्युअरी र मृत्यु भएका सैनिकहरूका आफन्तले दिएको विवरणका आधारमा लडाइँका लागि सेनामा गएकामध्ये अधिकांश स्वेच्छापूर्वक भर्ती भएका हुन्।तर दबाव दिइएको र जबरजस्ती गरिएको भन्ने विवरणहरू पनि छन्। खास गरी नियमित भर्तीका बेला र आपराधिक आरोप लागेका व्यक्तिहरूले त्यस्तो खेप्नुपरेको बताइएको छाकेही व्यक्तिहरू एक वर्षमा प्रशस्त पैसा कमाएर सामान्य जीवनमा फर्किने लोभले भर्ती हुन आएको देखिन्छ।

नयाँ भर्ती हुनेले एक वर्षमा एक करोड रुबल (१.२८ लाख अमेरिकी डलर) सम्म कमाउन सक्छन्। तर सन् २०२२ को सेप्टेम्बर महिनादेखि रक्षा मन्त्रालयसँग सम्झौता गरेर सैनिक बनेका सबै जनाको करार स्वतः युद्ध नसकिँदासम्म नवीकरण हुन्छ र लम्बिन्छानेटोका अनुसार युद्धमा ज्यान गुमाउने र घाइते हुने रुसीको सङ्ख्या ११ लाख पुगेको छ। नेटोका एक अधिकारीले अनुमान गरेअनुसार तीमध्ये मृतकको सङ्ख्या अढाई लाख पुगेको छाउक्त सङ्ख्या बीबीसीले गरेको गणनासँग मिल्दोजुल्दो छ। यद्यपि हाम्रो सूचीमा पूर्वी युक्रेनका दुई अधीनस्थ क्षेत्रमा ज्यान गुमाएका लडाकुहरूको सङ्ख्या समाविष्ट छैन।

ती क्षेत्रमा २१ हजारदेखि २३,५०० लडाकुको मृत्यु भएको हाम्रो आकलन छ। युद्धमा युक्रेनले पनि ठूलो क्षति बेहोरेको छाफेब्रुअरी २०२५ मा राष्ट्रपति भोलोदिमिर जेलेन्स्की बताएअनुसार रणभूमिमा ४६ जनाको मृत्यु भएको थियो भने तीन लाख ८० हजार जना घाइते भएका थिए।उनका अनुसार लडाइँका बेला हराउने वा रुसको नियन्त्रणमा पर्ने सैनिकहरूको सङ्ख्या दशौँ हजार थियो। अन्य आकलन र विभिन्न तथ्याङ्कलाई आधारमा जारी युद्धमा मृत्यु हुने युक्रेनीहरूको सङ्ख्या एक लाख ४० हजारजति भएको हाम्रो अनुमान छ।

# कन्डममा कर र सस्तो स्याहार: चीनको जन्मदर वृद्धि गर्ने योजना

बीबीसी

काठमाण्डु । विश्वको दोस्रो ठूलो अर्थतन्त्र भएको देश चीनले जन्मदर वृद्धि गर्ने प्रयास गरिरहेकाले आफ्ना नागरिकले ज्यानुअरी १ तारिखदेखि गर्भ निरोधकहरूमा १३ प्रतिशत कर तिर्नुपर्ने र बालबालिकाको हेरचाहमा छुट दिइने जनाएको छागत वर्षको अन्त्यमा घोषणा गरिएको कर प्रणालीमा गरिएको आमूल परिवर्तनले सन् १९९४ देखि लागू भएका धेरै छुटहरू हटाएको छ। त्यति बेला चीनले दशकौं लामो एक सन्तान नीति लागू गरिरहेको थियो।यसले विवाहसँग सम्बन्धित सेवाहरू र वृद्ध हेरचाहलाई मूल्य अभिवृद्धि कर (भ्याट) बाट छुट दिन्छ। अभिभावकीय बिदा विस्तार गर्ने र नगद हस्तान्तरण जारी गर्ने व्यापक प्रयासको यो एउटा हिस्सा हो।



बुढ्यौली जनसङ्ख्या र सुस्त अर्थतन्त्रको सामना गर्दै बेइजिङले धेरै भन्दा धेरै चिनियाँ युवाहरूलाई विवाह गर्न र दम्पतीहरूलाई बच्चा जन्माउन प्रोत्साहित गर्न जोडदार प्रयास गरिरहेको छ। चीनको आधिकारिक तथ्याङ्कले चीनको जनसङ्ख्या लगातार तीन वर्ष खुम्चिएको देखाएको छ। सन् २०२४ मा केवल ९५ लाख ४० हजार बच्चाहरू जन्मेका छन्। यो एक दशकअघि रेकर्ड गरिएको जन्मको सङ्ख्याको आधा हो। त्यति बेला चीनले कति बच्चा जन्माउने भन्ने नियमलाई खुकुलो बनाउन थालेको थियो।। तैपनि, कन्डमलगायत गर्भ निरोधक चक्की र उपकरणहरू लगायत गर्भ निरोधकहरूमा करले अनावश्यक गर्भधारण र एचआईभी दरको बारेमा चिन्ता बढाएको छ।

एक खुद्रा विक्रेताले मूल्य वृद्धि हुनुअघि ग्राहकहरूलाई स्टक गर्न आग्रह गरेपछि, एक सामाजिक सञ्जाल प्रयोगकर्ताले ठट्टा गरेः "म अब जीवनभरिका लागि पुग्ने कन्डम किन्ने छु।"

अर्का एक जनाले मानिसहरूले कन्डमको मूल्य र बच्चा हुर्काउने मूल्यबीचको भिन्नता बताउन सक्ने भनेर लेखेका छन्। बेइजिङस्थित युवा पपुलेशन रिसर्च इन्स्टिट्यूटको सन् २०२४ को प्रतिवेदन अनुसार बच्चा हुर्काउने सबैभन्दा महँगो देशमध्ये चीन एक हो। एक अध्ययनले अत्यधिक प्रतिस्पर्धात्मक शैक्षिक वातावरणमा विद्यालयको शुल्कले लागत बढ्ने र महिलाहरूले काम र घरको हेर्नुपर्ने चुनौतीका कारण खर्च बढ्ने जनाएको छाआर्थिक मन्दीका कारण बचतमा असर पर्दा खासगरी युवाहरूलाई उनीहरूको भविष्यको बारेमा अनिश्चित वा कम आश्वस्त महसुस गराएको छ।

"मेरो एउटा सन्तान छ र म अब अरू चाहन्नँ," पूर्वी हुनान प्रान्तमा बस्ने ३६ बर्से डेनियल लुओ भन्छन्।उनले आफू मृत्यु उमेर वृद्धिबाट चिन्तित नभएको बताएका छन्।"एक बाकस कन्डमको थप पाँच युआन वा सायद १० वा धेरै नै भएछ भने २० युआन बढी पर्ला। एक वर्षभरिमा त्यो भनेको केही थप सय युआनमात्रै हो जुन एकदमै सस्तो हो।" तर अन्यलाई भने महँगो लाग्न सक्छ। चीनको शिआन सहरमा बस्ने रोशी जाओ पनि बढेको मूल्यलाई लिएर चिन्तित छिन्।

आवश्यक हुने गर्भ निरोधक एकदमै महँगो भएपछि विद्यार्थी वा आर्थिक रूपमा सङ्घर्ष गर्नेहरूले "जोखिम उठाउन" सक्ने उनी बताउँछिन्।त्यो नै नीतिको "सबैभन्दा खतरनाक सम्भावित परिणाम" हुनसक्ने उनले थपिन्।

कर बढाउने सरकारी उद्देश्यमा विज्ञहरू भने विभाजित देखिन्छन्। युनिभर्सिटी अफ विस्कन्सिन-म्याडिसनका जनसङ्ख्याविद् यी फुसियान कन्डममा कर बढाउँदा यसले जन्मदरमा असर पार्छ भन्नुलाई "त्यसबारे ज्यादा सोच्नु" भएको बताउँछन्।उनका अनुसार बेइजिङ जहाँ पनि कर उठाउन इच्छुक छ र यो आवास बजारमा मन्दी र बढ्दो राष्ट्रिय ऋणसँग पनि जुधिरहेको छ। करिब १ ट्रिलियन डलरको चीनको भ्याट राजस्व गत वर्ष देशको कर सङ्कलनको ४० प्रतिशत रहेको थियो।

सेन्टर फर स्ट्राटेजिक एन्ड इन्टरन्याश्नल स्टडिजकी हेनरिएटा लेभिनले कन्डममा कर लगाउने कदम 'साङ्केतिक' भएको र यसले चीनको प्रजनन क्षमतामा उल्लेखनीय रूपमा कमी ल्याएको सङ्ख्यालाई उकास्न मानिसहरूलाई प्रोत्साहित गर्ने बेइजिङको प्रयासलाई प्रतिविम्बित गरेको बताइन्। हालसालै केही प्रान्तहरूमा महिलाहरूलाई स्थानीय अधिकारीहरूबाट उनीहरूको महिनावारी र बच्चा जन्माउने योजनाबारे सोधपुछ गर्न फोन आएको विवरणहरू आएका छन्। युनान प्रान्तका स्थानीय स्वास्थ्य ब्यूरोले गर्भवती महिलाको पहिचानका लागि यस्तो तथ्याङ्क आवश्यक रहेको बताएको छ।

तर यसले सरकारको छविलाई मद्दत नगरेको लेभिन बताउँछिन्। "कम्युनिस्ट पार्टीले मद्दत गर्न सक्दैन बरु उसले चासो राख्ने हरेक निर्णयमा आफूलाई सामेल गर्छ। त्यसैले यो आफैं केही तरिकाले आफ्नै शत्रु बन्न पुग्छ।" विज्ञ र महिलाहरू पनि देशको पितृसत्तात्मक नेतृत्वले यी व्यापक सामाजिक परिवर्तनहरू देख्न नसकेको बताउँछन्।

पश्चिमा र एसियाकै दक्षिण कोरिया र जापानजस्ता देशहरू पनि जन्मदर वृद्धी गर्न सङ्घर्ष गरिरहेका छन्।अर्को कारण भनेको बच्चा हुर्काउनु पनि रहेको बताइन्छ र अध्ययनका अनुसार त्यसको भार महिलालाई नै पर्छ। अन्य कारणमा विवाह र डेटिङमा समेत कमी आउनु पनि रहेको छाचीनको अर्को वास्तविक समस्या भनेको युवाहरूले एक अर्कालाई भेट्नै नखोज्नु पनि रहेको लुओ बताउँछन्।अनलाइन हुन सजिलो र आरामदायी हुने उनी बताउँछन्।"२० वर्षअगाडि भन्दा अहिले युवाहरूले धेरै तनावको सामना गर्छन्। पक्कै पनि, भौतिक सुविधाको हिसाबले उनीहरू राम्रा छन्। तर उनीहरूसँग गरिने अपेक्षा धेरै छ। सबै जना थाकेका छन्।"

# तीखो बेलचा चलाउने केन्याका नाई अफ्रिकाको सोसल मिडियाको क्रेजमा

एपी

किम्बु । नैरोबीको किम्बु क्षेत्रको ग्रामीण सडक किनारमा रहेको एक सानो झुपडीमा सफारी मार्टिन्स आफ्ना ग्राहक इयान एन्जेङ्गालाई लिएर पुग्नुहुन्छ । झुपडीको काठको भित्तामा बेलचा, फलाम, कृषि कैंची र रेन्च झुण्ड्याइएको छ। तर यहाँ उपकरण किन्ने कुरा होइन, ग्राहकहरू कपाल काटाउन आएका हुन्छन् ।



"म केवल अपरम्परागत उपकरणहरू प्रयोग गर्छु", मार्टिन्स मुस्कुराउँदै भन्नुहुन्छ । उहाँले बेलचाको किनाराको धारलाई प्रयोग गर्दै एन्जेङ्गाको कपाललाई सावधानीपूर्वक काट्न सुरु गर्नुहुन्छ । प्रत्येक चालको प्रत्येक क्षण सहायकले स्मार्टफोन क्यामेरामा विभिन्न कोणबाट कैद गर्छ, ताकि सामाजिक मिडियामा पोस्ट गर्दा दर्शकहरूलाई अनुभव प्राप्त होस्। सोसल मिडियामा 'चिफ साफ्रो' भनेर चिनिने मार्टिन्स केन्याका सबैभन्दा पहिचानयोग्य नाईहरू मध्येको एक हुनुहुन्छ। उहाँको इन्स्टाग्राम र टिकटक खातामा करिब १० लाख फलोअर छन् । उहाँका भिडियोहरूले मनोरञ्जन मात्र दिँदैनन्, अफ्रिकी लोककथा र सांस्कृतिक कथाहरूलाई पनि समेट्छन् ।

रुवान्डामा जन्मेका र अहिले नैरोबी बसोबास गर्ने मार्टिन्सले सन् २०१८ मा हाई स्कूलमा नाईको करियर सुरु गर्नुभयो । उधारो क्लिपर प्रयोग गर्दै उहाँले विद्यालयको कक्षाकोठा र छात्रावासमा ट्रिम सेवा दिन थाल्नुभयो । पाँच वर्षमा उहाँले परम्परागत ट्रिमर छाड्नुभयो र क्यामेरा थप्नुभयो । यसरी उहाँले अनौठो तरिका अपनाउँदै आफ्नो कामलाई सामाजिक मिडियासँग जोडिदिनुभयो ।मार्टिन्सको शैली एकदमै अनौठो छ । उहाँले भिडियोमा कपाल काट्दै गर्दा अफ्रिकी लोककथा भ्वाइसओभरमा सुनाउनुहुन्छ। "म अफ्रिकी संस्कृतिबाट प्रेरित छु", उहाँ भन्नुहुन्छ। गाउँका वृद्धहरूले उहाँलाई आशीर्वाद दिएका उहाँका औजारहरू यस काममा अझ शक्ति थप्छन् ।

उहाँको कला र शैलीले ग्राहकहरूलाई मन्त्रमुग्ध बनाउँछ । गत वर्ष पहिलो पटक मार्टिन्सको सेवा लिएका एन्जेङ्गा भन्नुहुन्छ, "उहाँको प्रतिभा अर्को स्तरको छ । यहाँ कपाल कटाउँदा म धेरै सहज महसुस गर्छु, सडकमा हिँड्दा म विश्वस्त हुन्छु ।"मार्टिन्सले एउटा कटका लागि एक हजार ५०० केन्याई सिलिङ (करिब दुई अमेरिकी डलर) शुल्क लिन्हुन्छ, जुन स्थानीय बजारमा उच्च मूल्य हो । तर उहाँका ग्राहकहरू पाँच मिनेटको अनुभव र सामाजिक मिडियामा देखा पर्ने अवसरलाई मूल्यवान ठान्छन्। केन्यामा सोसल मिडियाको प्रयोग विस्फोटको रूपमा बढेको छ। जनवरी २०२३ मा देशमा एक करोड छ लाख प्रयोगकर्ता थिए। जनवरी २०२५ सम्म एक करोड ५१ लाख पुगे। करिब १५ प्रतिशत केन्यालीहरूले अनलाइन सामग्री सिर्जनाकर्ता (कन्टेन्ट क्रिएटर) का रूपमा यसबाट आयको मुख्य स्रोत पाउँछन् ।तर मार्टिन्सले नाईहरूले अन्य सामाजिक मिडिया सिर्जनाकर्ता जस्तै पुरस्कार र सम्मान नपाएकोप्रति गुनासो गर्नुहुन्छ। "नाईहरू भाइरल हुन्छन्, तर सम्मान पाउँदैनन् । तपाईंले विचार र संलग्नता भए पनि भुक्तान पाउनुहुन्न", उहाँ भन्नुहुन्छ।

मार्टिन्स र उहाँका सहकर्मीहरूले अफ्रिकी लोककथा, सांस्कृतिक उपकरण र अनौठो शैलीलाई आधुनिक सामाजिक मिडियासँग जोड्दै आफ्नो क्षेत्रमा नयाँ प्रवृत्ति सिर्जना गर्नुभएको छ। यसले उहाँहरूको व्यक्तिगत प्रतिष्ठा मात्र बढाएको छैन, ग्रामीण केन्याली समुदायमा पनि अनलाइन सिर्जनाकर्ता बन्ने सम्भावनालाई उजागर गरेको छ।

# विदेशी पर्यटकको संख्या १८ प्रतिशतभन्दा बढीले वृद्धि

मुस्ताङ। धार्मिक तथा पर्यटकीय जिल्ला मुस्ताङमा विदेशी पर्यटकको आगमन सङ्ख्या वृद्धि भएको छ। यहाँ सन् २०२४ को अनुपातमा सन् २०२५ मा २५ हजार ४०३ जना विदेशी पर्यटकको सङ्ख्या वृद्धि भएको राष्ट्रिय प्रकृति संरक्षण कोष, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) जोमसोमले जनाएको छ।

सन् २०२५ मा समग्रमा गत वर्षभन्दा १८ दशमलव ७१ प्रतिशतले पर्यटकको आवागमन वृद्धि भएको जनाइएको छ। उक्त वर्षको जनवरीदेखि डिसेम्बर ३१ तारिखसम्म यहाँ कुल एक लाख ६१ हजार १२२ जना विदेशी पर्यटक भित्रिएको एक्याप जोमसोम कार्यालय प्रमुख राजेश गुप्ताले जानकारी दिनुभयो। उहाँका अनुसार सन् २०२४ मा एक लाख ३५ हजार ७१९ जना विदेशी पर्यटक मुस्ताङ भित्रिएका थिए।

गत वर्ष यहाँ आउने पर्यटकमध्ये सार्क राष्ट्रबाट एक लाख ३२ हजार ८४७ र अन्य राष्ट्रबाट २८ हजार २७५ जना रहेका छन्। त्यसअघि सार्क राष्ट्रबाट एक लाख नौ हजार ५४९ र अन्य राष्ट्रबाट २६ हजार १७० जना विदेशी पर्यटक यहाँ आएको तथ्याङ्क छ। एक्याप प्रमुख गुप्ताका अनुसार सन् २०२४ को अनुपातमा सन् २०२५ को १२ महिनाको अवधिमा यहाँ सार्क राष्ट्रतर्फ २३ हजार २९८ र अन्य राष्ट्रबाट दुई हजार १०५ जना विदेशी पर्यटकको सङ्ख्या वृद्धि भएको हो। यस हिसाबले सार्कतर्फ १७ दशमलव ५७ प्रतिशत र अन्य राष्ट्रतर्फ सात दशमलव ४४ प्रतिशत पर्यटकको सङ्ख्या वृद्धि भएको हो।

हिमाली जिल्ला मुस्ताङमा आन्तरिक तथा बाह्य पर्यटकको सङ्ख्या बढ्दो रहेको छ। यद्यपि, गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनको प्रभावका कारण अपेक्षा गरिएअनुरुपको विदेशी पर्यटकको सङ्ख्या वृद्धि हुन नसकेको एक्याप प्रमुख गुप्ताको भनाइ छ।

सन् २०२५ मा यहाँ करिब ३० प्रतिशत विदेशी पर्यटकको सङ्ख्या वृद्धि हुने अनुमान गरिए पनि सेप्टेम्बर, अक्टोबर र नोभेम्बरमा पर्यटक सङ्ख्या कम हुँदा अनुमानअनुसार पर्यटक वृद्धि हुन नसकेको हो। युवा आन्दोलनको असरले यहाँ सन् २०२४ को भन्दा सन् २०२५ को सेप्टेम्बरमा तीन हजार ६३८, अक्टोबरमा ८५४ र नोभेम्बरमा ७० जना विदेशी पर्यटक घटेका जनाइएको छ। रासस

# दुई वर्षमा बन्नुपर्ने वाल्मीकि आश्रम पुग्ने झोलुङ्गे पुल नौ वर्ष लाग्यो



चितवन। पवित्र धार्मिक तीर्थस्थल वाल्मीकि आश्रम पुग्ने झोलुङ्गे पुल निर्माण भएको तीन वर्ष बितिसक्दा समेत सञ्चालनमा आउन सकेको छैन। चितवन राष्ट्रिय निकुञ्ज हुँदै जानुपर्ने भएकाले पुल सञ्चालनमा आउन नसकेको हो।

विसं २०७० सालको असार ३० गते नेपाली भू-भाग हुँदै सीधै वाल्मीकि आश्रम पुग्नेगरी नारायणी नदीमा झोलुंगे पुल बनाउने सम्झौता गरिएको थियो। दुई वर्षमा निर्माण सक्नेगरी सम्झौता गरिए पनि पुल निर्माणको काम सक्न नौ वर्ष लागेको थियो। मूल्य अभिबृद्धि कर बाहेक रु पाँच करोड १९ लाख ६६ हजार ७१३ को लागतमा ४७९ मिटर लामो झोलुङ्गे पुल तयार भएको हो। विसं २०७९ असार असान्तमा निर्माण कम्पनीले काम सम्पन्न गरेपनि नदी तरेपछि जङ्गलै जङ्गल आश्रमसम्म पुग्न करिब तीन किलोमिटर बाटो पार गर्नुपर्छ। राम्रो बाटो बन्न नसकेको जनाउँदै पुलको मुखमा जाली लगाएर बन्द गरेपछि डुङ्गा चढेर जानु पर्ने बाध्यता रहेको छ।

विनयी त्रिवेणी गाउँपालिका-६ का वडा अध्यक्ष नुरेन्द्र साहले पुल नचल्दा भारतीय भू-भाग हुँदै वा नदीमा डुङ्गा चढेर वाल्मीकि आश्रम पुग्नु पर्ने बाध्यता रहेको बताउनुभयो। पुल बनेको लामो समय हुँदा पनि सञ्चालनमा नआएपछि आफूले जिल्ला प्रशासन कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व)मा पत्राचार गरी माघ १ गतेबाट सञ्चालन ल्याइदिन आवश्यक सहजीकरणका लागि आग्रह गरेको बताउनुभयो।

त्रिवेणीकै होटल व्यवसायी सन्दीप गुप्ताले त्रिवेणी आउने धार्मिक पर्यटक वाल्मीकि जान चाहेर पनि बाटोका कारण नसकेको बताउनुभयो। उहाँका अनुसार माघे सङ्क्रान्ति, माघे औसी, शिवरात्री, ठूलो एकादशीलगायतका पर्वमा त्रिवेणी आउने भक्तजन वाल्मीकि जान चाहने गर्दछन्। चितवन राष्ट्रिय निकुञ्जभित्रको वाल्मीकि जाने बाटो निर्माणका लागि वागमती प्रदेश सरकारले गत वर्ष रु २५ लाख बजेट विनियोजन गरिएको भएपनि जेसिवीलगायतका उपकरण लैजान नपाएपछि श्रमजानबाट काम गरिएको थियो। यस वर्षको वर्षातमा बाटो बिग्रिएपछि पुनःसडक मर्मतको काम भइरहेको गुप्ताले जानकारी दिनुभयो। अहिले पनि डुङ्गा तरेर जङ्गलको बाटो हिँडेर भक्तजन जाने आउने गरेका छन्। गुप्ताले केहिदिन अघि १२० जना विद्यार्थीलाई डुङ्गा चढाएर जङ्गलको बाटो हुँदै आश्रम पुऱ्याएर ल्याएको बताउनुभयो। चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत गणेश पन्तले वाल्मीकि आश्रमसम्म जाने बाटो राम्रो बनेपछि पुल सञ्चालनका लागि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागसँग अनुमति लिईने जानकारी दिनुभयो।


उहाँका अनुसार बाटोको अवस्था निकै जीर्ण रहेको छ। उहाँले भन्नुभयो "बाटो बनेपछि हामी अनुमतिका लागि विभागमा पत्राचार गर्नेछौँ। यसको आफ्नै प्रक्रिया छ।"निकुञ्जलाई असर नपर्ने गरी बाटो सञ्चालन गर्नुपर्ने भएकाले तत्काल निर्णय गर्न कठिन हुने उहाँको भनाइ छ। पन्तले भविष्यमा धार्मिक महत्वको क्षेत्रलाई निकुञ्जभित्रकै एउटा अङ्ग मानेर वा नेपाल सरकारकै छुट्टै संयन्त्र बनाइ गुरूयोजनाअनुरूप व्यवस्थापन गर्ने विषयमा छलफल हुनसक्ने बताउनुभयो।

प्रमुख संरक्षण अधिकृत पन्तले गोरेटो बनाउने विकल्पमा जाँदा तीन किलोमिटर वन क्षेत्रमा सुरक्षा चुनौती हुनसक्ने भन्दै फोहोर व्यवस्थापनका जटिलता पनि आउन सक्छन् भन्नुभयो। यता माडी नगरपालिकाका उपप्रमुख खेमप्रसाद महतोले भने निकुञ्जभित्रको बाटो हिँडडुल गर्न सकिने बताउनुहुन्छ। वाल्मीकि आश्रम माडी नगरपालिका-१ मा पर्दछ। तीन महिना अघि आफू सोही बाटो हिँडेर गएर कार्यपालिकाको बैठक गरेर फर्किएको भन्दै उहाँले पुल सञ्चालनमा आएमा धार्मिक पर्यटन प्रबर्द्धनमा टेवा पुग्ने बताउनुभयो।

माडी नगरपालिका-१ को छेउमा आश्रम पर्छ। बीचमा ठूलो भू-भाग चितवन राष्ट्रिय निकुञ्जको कोर क्षेत्र भएकाले माडीबाट सीधा यहाँ पुग्ने सडक छैन। यो क्षेत्रसँग नवलपरासी (बर्दघाट-सुस्तापूर्वको) विनय त्रिवेणी गाउँपालिका जोडिएको छ। नवलपरासीको बाटो (पूर्व-पश्चिम राजमार्ग) बर्दघाटबाट दक्षिण लागेपछि विनय त्रिवेणी-६ त्रिवेणीधाम पुगिन्छ। त्यहाँबाट नारायणी नदी पार गरी आश्रम पुगिन्छ।गाडीमा जाँदा गण्डक पुलदेखि वाल्मीकि टाइटर रिजर्वको करिब आठ किलोमिटर क्षेत्र पार गरेपछि तमोसा नदी पुगिन्छ। त्यहाँसम्म पुग्न ठाउँठाउँमा भारतीय सुरक्षा बलको सुरक्षा जाँच हुन्छ।

पुल निर्माणमा लाग्नु भएका पूर्वसचिव आत्मराम पाण्डे यथासक्य चाँडो पुल सञ्चालन भएमा धार्मिक पर्यटन र स्थानीय वासिन्दा लाभान्वित हुने बताउनुहुन्छ। विसं २०४४ सालमा जिल्ला प्रशासन कार्यालय चितवनमा उपसचिव पदमा कार्यरत रहँदाबाटै उहाँले वाल्मीकि आश्रमलाई व्यवस्थित बनाउने सपना देखेको बताउनुभयो।शिलान्यास भए पनि गण्डक बाँधको नजिकै भएका कारण झोलुङ्गे पुल निर्माण भारतले अबरोध खोजेको थियो। पाण्डेले तत्कालीन भारतीय राजदूत रञ्जित रेसँगको सम्बन्धको उपयोग गरी पुल निर्माणमा बाधा नपर्नेगरी सहमति गरेर काम गरेको बताउनुभयो।रासस

# प्राविधिक विधामा महिलाको आकर्षण बढ्दो



विराटनगर। कोशी प्रदेशमा प्राविधिक तथा व्यावसायिक सीप परीक्षण गराउनेहरूमा पुरुषको तुलनामा महिलाको सङ्ख्या उल्लेख्य देखिएको छ। सामाजिक विकास मन्त्रालयको आयोजना तथा स्वीस कन्ट्याक्टको सहयोगमा सार्वजनिक गरिएको 'टिभेट प्रोफाइल'अनुसार सीप परीक्षणमा महिलाको सहभागिता ५३.९ प्रतिशत पुगेको छ। कोशी प्रदेशको प्रादेशिक प्रबोधिकरण कार्यक्रममा प्रस्तुत गरिएको पछिल्लो तथ्याङ्कअनुसार कुल ४७ हजार ९५८ सहभागीमध्ये २५ हजार ८३३ महिला छन् भने पुरुषको सङ्ख्या २२ हजार १२० अर्थात् ४६.१ प्रतिशत मात्र सीमित छ। यसले परम्परागत रूपमा पुरुषको क्षेत्र मानिने प्राविधिक विधामा महिलाको बढ्दो आकर्षण र सक्रियतालाई स्पष्ट पारेको छ।

कोशी प्रदेशका युवाले सबैभन्दा बढी अटोमोबाइल क्षेत्रमा १८.१ प्रतिशत सहभागिता जनाएका छन्। यसैगरी फोटोग्राफीमा १६.४ प्रतिशत, व्यापार व्यवसायमा १२.४ प्रतिशत र आतिथ्य उद्योग (हस्पिटालिटी) मा ११.८ प्रतिशतको संलग्नता देखिएको छ। टेक्सटाइल र सिलाइ बुनाइजस्ता क्षेत्रमा पनि सहभागिता उत्साहजनक देखिए तापनि पुस्तकालय र सूचनन् विज्ञान, हस्तकला र निर्माणजस्ता क्षेत्रमा भने युवाको रुचि निकै कम देखिएको प्रतिवेदनमा उल्लेख छ।

तथ्याङ्कले देखाएअनुसार ९० प्रतिशतभन्दा बढी सहभागीले तह एकको मात्र सीप परीक्षण गराएका छन्। विशेषगरी स्वदेश तथा विदेशमा रोजगारीका लागि न्यूनतम प्रमाणपत्र अनिवार्य हुने भएपछि युवा प्रारम्भिक तहको परीक्षणमा बढी केन्द्रित भएका हुन्। उत्तीर्ण प्रतिशतको अवस्थालाई हेर्दा समग्रमा ६१ प्रतिशत परीक्षार्थी सफल भएका छन्। यद्यपि तह एकमा ६३ प्रतिशत उत्तीर्ण हुँदा माथिल्लो तहमा भने यो दर क्रमशःघट्दै गएको देखिन्छ। तह दुईमा ४० प्रतिशत र तह तीनमा पुग्दा उत्तीर्ण दर १७ प्रतिशतमा खुम्चिनुले उच्च तहको सीप र क्षमता विकासमा अझैं मेहनत गर्नुपर्ने चुनौतीलाई उजागर गरेको छ।

मन्त्रालय र स्वीस कन्ट्याक्टको यो सहकार्यले कोशी प्रदेशमा दक्ष जनशक्तिको वास्तविक अवस्थालाई बाहिर ल्याएको पहिलो दस्तावेज भएको सामाजिक विकास मन्त्रालयका शैक्षिक योजना तथा अनुसन्धान महाशाखा प्रमुख लक्ष्मी न्यौपानेले जानकारी दिनुभयो। सीप परीक्षणमा महिलाको यो उत्साहजनक सहभागिताले आगामी दिनमा प्रदेशको श्रम बजारमा दक्ष महिला जनशक्तिको उपस्थिति बलियो हुने र उनीहरूको आर्थिक सशक्तीकरणमा टेवा पुग्ने अपेक्षा गरिएको उनले जानकारी दिनुभयो।

छोटो अवधिको व्यावसायिक तालिम प्रदायक संस्थाको विस्तार भने कोशी प्रदेशमा उत्साहजनक छ। हाल प्रदेशभर २१५ वटा संस्थाले छोटो अवधिको तालिम प्रदान गर्न सम्बन्धन प्राप्त गरेका छन्। जिल्लागत रूपमा हेर्दा मोरङमा सबैभन्दा बढी ६४ वटा र झापामा ४४ संस्था रहेका छन् भने सुनसरीमा ७२ वटासम्म संस्थाले स्वीकृति पाएका छन्। यी संस्थाले प्रति संस्था औसत ६.३० का दरले विभिन्न १३५४ वटा स्वीकृत कार्यक्रम सञ्चालन गरिरहेका छन्।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले बजारको मागअनुसार १८० घण्टादेखि १६९६ घण्टासम्मका कुल २७४ वटा व्यावसायिक तालिमका पाठ्यक्रम निर्माण गरेको छ। यस्तै, राष्ट्रिय सीप परीक्षण समितिले ३१४ वटा राष्ट्रिय व्यावसायिक सीप प्रमाणिकरणको मापदण्ड तयार गरी सीप परीक्षणकाकार्य अघि बढाएको छ। समग्रमा, सीप परीक्षणमा महिलाको बढ्दो सहभागिता र तालिम केन्द्रको बढ्दो सङ्ख्या सकारात्मक पक्ष हुन्।

**प्राविधिक धारमा घट्दो संख्या**

कोशी प्रदेशमा प्राविधिक तथा व्यावसायिक शिक्षाको क्षेत्र विस्तार देखिए पनि अर्कोतर्फ शैक्षिक निरन्तरतामा भने गम्भीर चुनौती देखिएको छ। सार्वजनिक गरिएको तथ्याङ्कअनुसार प्राविधिक धारतर्फ विद्यार्थीको भर्ना दर कक्षा बढ्दै जाँदा कमजोर हुँदै गएको पाइएको हो।

प्राविधिक धार अन्तर्गत कक्षा ९ मा विद्यार्थीको भर्ना दर ५९ प्रतिशत रहेको पाइएको छ। तर, यो उत्साह माथिल्लो कक्षामा पुग्दा टिकिरहन सकेको छैन। तथ्याङ्कअनुसार कक्षा १० मा ५४ प्रतिशत, कक्षा ११ मा ३५ प्रतिशत हुँदै कक्षा १२ मा पुग्दा यो दर घटेर मात्र ३४ प्रतिशतमा सीमित भएको छ। यसले प्राविधिक शिक्षा सुरु गरेका उल्लेख्य सङ्ख्याका विद्यार्थीले बीचैमा पढाइ छोड्ने गरेको तथ्याङ्कमा देखिन्छ। यसले प्राविधिक धारका शैक्षिक संस्था मर्ज गर्नु पर्नु अवस्थामा पुगेको प्रतिवेदनले स्पष्ट पारेको छ।

माथिल्लो शैक्षिक तहमा विद्यार्थीको घट्दो उपस्थिति र सीप परीक्षणमा तह एकभन्दा माथिल्लो तहमा देखिएको न्यून उत्तीर्ण दरले प्राविधिक शिक्षाको गुणस्तर र स्थायित्वमा अझैं धेरै काम गर्न बाँकी रहेको देखाएको सामाजिक विकास मन्त्रालयका निमित्त सचिव दामोदर फुयलले बताउनुभयो। दक्ष जनशक्ति उत्पादनका लागि केवल सङ्ख्यात्मक विस्तारमा मात्र नभई विद्यार्थीलाई माथिल्लो तहमा समयोजनका कार्यक्रम अघि सार्नु पर्ने देखिएको बताउनुभयो। आदर्श माध्यमिक विद्यालयका प्रधानाध्यापक सन्तोष पोखरेलले सिटिइभिटीद्वारा सञ्चालित प्राविधिक धार सञ्चालनमा चुनौति रहेको बताउनभयो। सिटिइभिटीले २४ विद्यार्थी पुगेपछि मात्रै कोर्स सकाउन सात लाख दिने गरेको छ, यो असाध्यै कम हुने बताउनुभयो। उहाँले अहिलेको प्राविधिक धारको पाठ्यक्रम पनि ठिक नभएको गुनासो गर्नुभयो।

साजिलाल माध्यमिक विद्यालयका प्रधानाध्यापक श्यामबाबु काफ्लेले प्राविधिक धार लामो भएको बताउनुभयो। पाठ्यक्रममा नै समस्या भएको कारण सुरु सुरुमा सिभिलमा १२० आउनेमा अहिले घटेर ४८ जनाको कोटा रहेकामा अहिले आधा विद्यार्थी पनि भर्नाको लागि नआएको बताउनुभयो।रासस

# विदेशबाट फर्केर मौरीपालनमा




ढोरपाटन। घर छेउका बारीमा लहरै राखिएका मौरीका घार। घारमा भुनभुनाइरहने मौरीसँगै लोकबहादुरको दिनको सुरुआत हुन्छ र मौरीकै रेखदेखमा दिन बित्छ। बागलुङको बडिगाड गाउँपालिका-७ गावाका लोकबहादुर केसीले करिब छ वर्ष मलेसियामा बिताउनुभएको थियो। त्यहाँ दुःख बढी र सोचेअनुसार कमाई नभएपछि उहाँ गाउँ फर्किनुभयो। त्यसपछि गाउँमै सुरु गर्नुभयो, मौरिपालन व्यवसाय। अचेल विदेशको दुःख बिर्सेर आफ्नै पाखापखेरामा मौरीसँगै रमाइरहेको उहाँले सुनाउनुभयो।

केसी बिहान उठेदेखि साँझसम्म मौरीका घार सफा गर्ने, हूल छुटेर भागेका मौरीलाई पुनः घारमा ल्याउने र बिरामी भए/नभएको हेरचाह गर्नमा व्यस्त हुनुहुन्छ। एउटा घारबाट सुरु गरेको मौरीपालन हाल ६५ घारमा पुऱ्याउनुभएको छ। ३७ वर्षीय केसीका दौँतरी कोही पनि गाउँमा भेटिँदैनन्। कोही जापान, कोही कतार त कोही मलेसियामा छन्। केसीले गाउँमै बसेर हाल परदेशमा भएका साथीभाइले जत्तिकै कमाई गर्न गाह्रो नभएको बताउनुभयो। उहाँले विसं २०७६ मा एउटा घारबाट सुरु व्यवसाय सुरु गर्नुभएको थियो। केसीलाई सुरुमा स्थानीय बडिगाड गाउँपालिकाले रु आठ हजारको मौरीघार उपलब्ध गराएको थियो। त्यसपछि थप्दै थप्दै आफूले रु १२ लाखभन्दा बढी लगानी गरिसकेको उहाँले जानकारी दिनुभयो।

केसीले भन्नुभयो, "देश, विदेश देखियो, जहाँ गएर पनि पैसा कमाउन दुःख गर्नुपर्ने रहेछ। मैले छ वर्ष मलेसियामा काम गरैँ, अहिले त्यहाँ श्रम खर्चेकोमा पछुताएको छु, त्यो समय यहीँ केही गरेको भए धेरै प्रगति भइसक्थ्यो। विदेशले पनि केही कुरा त सिकायो नै, अब गाउँमै केही गर्छु, भन्ने सोच छ। मौरीपालन पनि राम्रो हुँदै गएको छ, अझै बढाउने योजनामा छु।"केसीले वार्षिक रु २२ लाखको मह र मौरीघार बिक्री गर्दै आएको बताउनुभयो। एउटा घार रु १० हजार र प्रतिकिलो मह रु एक हजारमा बिक्री हुने गरेको र महको बजार राम्रो हुँदा मागअनुसार पुऱ्याउन नसकिएको उहाँको भनाइ छ।

केसीले उत्पादन गरेको मह हाल बागलुङ, कुश्मा, पोखरा, रुकुम, जाजरकोटलगायत स्थानमा पुग्ने गरेको छ। नेपालसँगै अमेरिका, साउदी, कतार र जापानसम्म आफूले मह निर्यात गर्ने गरेको उहाँले बताउनुभयो। "गाउँमा धेरै सम्भावना छन्, ती सम्भावनालाई हामीले सदुपयोग गर्न सकियो भने आत्मनिर्भर बन्न सकिन्छ। म पनि विभिन्न कारणले विदेश गएको थिएँ, तर त्यहाँ गएपछि बल्ल गाउँठाउँको महत्व बुझेँ", केसीले भन्नुभयो, "अहिले जे गरिरहेको छु, त्यो पहिलेदेखि नै गर्नुपर्थ्यो, विदेश जानुभन्दा यही लगानी गरेर उद्यम गर्न सकियो भने स्वाभिमानका साथ बस्न सकिँदो रहेछ भन्ने बुझेँ, अरु युवाले पनि बुझ्नुपर्छ भन्ने लागिरहेको छ।"हाल उहाँले यही व्यवसायबाट १४ जनाको परिवार धान्दै आउनुभएको छ।रासस


**सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय जनकपुर, धनुषाको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना**

प्रकाशित मिति २०८२/०९/१८ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

**तपसिल**

**ऋणीको विवरण**

१. धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. ६ स्थित रजिष्टर्ड कार्यालय रही प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य विभाग, जनकपुर, धनुषामा मिति २०७६/०५/१९ गते प्रा.फ.र.नं. १३६७९/४४५/२०७६/०७७ स्थानीय व्यापार तथा आन्तरिक राजश्व कार्यालय जनकपुर र करदाता सेवा कार्यालय बर्दिबासमा मिति २०७६/०५/२० मा स्थायी लेखा नं. (PAN) ११६१५२५३२ अन्तर्गत दर्ता कायम भएको **जय नर सिंह ट्रेडर्स**।
**प्रोप्राईटर : ममता कुमारी साह**

२. धनुषा जिल्ला, ढल्केबर गा.वि.स. वडा नं. ३ स्थित रजिष्टर्ड कार्यालय रही प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, धनुषामा मिति २०६३/०५/१६ गते प्रा.फ.र.नं. १०४/६६/०६३/६४ स्थानीय व्यापार तथा आन्तरिक राजश्व कार्यालय जनकपुरमा मिति २०६३/०५/१६ मा स्थायी लेखा नं. (PAN) ३०२३५७६६६ अन्तर्गत दर्ता कायम भएको **श्री रामजानकी जेनरल स्टोर्स**।
**प्रोप्राईटर : मनोज कुमार साह**

**व्यक्तिगत जमानीकर्ताको विवरण**

१. सत्य नारायण साहको बुहारी, मनोज कुमार साहको पत्नी, सर्लाही जिल्ला, साविक ईश्वरपुर न.पा./गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. ६ बस्ने **ममता कुमारी साह** (ना.प्र.नं. १९३०५६/१६११, जारि मिति २०६३/१२/१२, जि.प्र.का. सर्लाही)।

२. देवचन साहको नाति, सत्य नारायण साहको छोरा, धनुषा जिल्ला, साविक जनकपुर न.पा./गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. ६ बस्ने **मनोज कुमार साह** (ना.प्र.नं. ३९६९५६०६, जारि मिति २०६३/०४/३०, जि.प्र.का. धनुषा)।

३. देवचन साहको बुहारी, सत्य नारायण साहको पत्नी, धनुषा जिल्ला, साविक जनकपुर न.पा./गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. ६ बस्ने **पुकारी देवी** (ना.प्र.नं. ३९६९१०१६९, जारि मिति २०४५/०१/१०, जि.प्र.का. धनुषा)।

**धितोको विवरण**

१. **ऋणी १ र ऋणी २ को पक्षमा संयुक्त धितोबन्धकी कायम रहेको** मनोज कुमार साह (ना.प्र.नं. ३९६९५६०६, जारि मिति २०६३/०४/३०, जि.प्र.का. धनुषा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला, साविक ढल्केवर गा.वि.स./न.पा. वडा नं. ३ नक्सा सिट नं. ३ क स्थित कि.नं. ५७७, ६९९ र ५९९ को क्षेत्रफल क्रमशः ०-१-०-०, ०-१-१४-८ र ०-२-२-० (बिघा) र धनुषा जिल्ला साविक ढल्केवर गा.वि.स./न.पा., वडा नं. १ नक्सा सिट नं. १ ख स्थित कि.नं. ३३५ क्षेत्रफल ०-६-५-० (बिघा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

२. **ऋणी १ र ऋणी २ को पक्षमा संयुक्त धितोबन्धकी कायम रहेको** पुकारी देवी (ना.प्र.नं. ३९६९१०१६९, जारि मिति २०४५/०१/१०, जि.प्र.का. धनुषा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला, साविक यज्ञभुमी गा.वि.स./न.पा. वडा नं. ७ नक्सा सिट नं. ७ घ स्थित कि.नं. ३८१, ३८२, ३८० र ३७९ को क्षेत्रफल क्रमशः ०-२-०, ०-२-१५-०, ०-२-० र ०-१-१०-० (बिघा) तथा धनुषा जिल्ला, साविक बेंगाशिवपुर गा.वि.स./न.पा. वडा नं. ६ नक्सा सिट नं. ६ ख स्थित कि.नं. ६२१ को क्षेत्रफल ०-२-७-१२ (बिघा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

३. **ऋणी १ र ऋणी २ को पक्षमा संयुक्त धितोबन्धकी कायम रहेको** पुकारी देवी (ना.प्र.नं. ३९६९१०१६९, जारि मिति २०४५/०१/१०, जि.प्र.का. धनुषा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको महोत्तरी जिल्ला, साविक २५ नं. बहादुरगंज गा.वि.स./न.पा. वडा नं. ३ नक्सा सिट नं. १६३० स्थित कि.नं. ४३०१ को क्षेत्रफल ०-०-१२१/४ र महोत्तरी जिल्ला, साविक २५ नं. बहादुरगंज गा.वि.स./न.पा. वडा नं. ३ नक्सा सिट नं. १६३२ स्थित कि.नं. ४३०३ को क्षेत्रफल ०-०-५३/४ (बिघा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

४. **ऋणी १ र ऋणी २ को पक्षमा संयुक्त धितोबन्धकी कायम रहेको** ममता कुमारी साह (ना.प्र.नं. १९३०५६/१६११, जारि मिति २०६३/१२/१२, जि.प्र.का. सर्लाही) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सर्लाही जिल्ला, साविक इश्वरपुर गा.वि.स./न.पा. वडा नं. ३ नक्सा सिट नं. ३ क स्थित कि.नं. ७६९ को क्षेत्रफल ०-०-१० (बिघा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

५. धनी सिद्धार्थ बैंक लिमिटेड भई ऋणी श्री रामजानकी जेनरल स्टोर्स कायम भएको तपसिल बमोजिमको सवारी साधनहरु :

| सवारी मोडेल | सवारी दर्ता नं. | ईन्जिन नं. | च्यासिस नं. |
|---|---|---|---|
| Mahindra Bolero COR SC XL FB PS | ना ५ च २९१७ | TBK1G66774 | MA1ZN2TBKK1G59870 |
| Mahindra Scorpio S7 2WD | प्रदेश ३-०१ ०२२ च ६३२७ | SJK4F16258 | MA1TA2SJXK2F15612 |

६. जय नर सिंह ट्रेडर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण।

७. श्री रामजानकी जेनरल स्टोर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण।

Siddhartha Bank

शाखा कार्यालय : जनकपुर, धनुषा
फोन नं. ०४१-५९०८७१
Website : www.siddharthabank.com

# अतिक्रमित जग्गा खाली गर्न अल्टिमेटम


**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको सखुवा प्रसौनी गाउँपालिका-५ स्थित पारसनाथ महादेव मन्दिर (महुवन मठ) को अतिक्रमित जग्गा फिर्ता ल्याउन सरकारी निकायले कदम चालेका छन् ।

दशकौँदेखि राजनीतिक संरक्षण र कानुनी दाउपेचमा अल्झिएको मठको ५ बिघा १७ कट्ठा १४ धुर जग्गा खाली गराउन गुठी संस्थान र स्थानीय सरकारले संयुक्त 'अल्टिमेटम' दिएका छन् ।

गुठी संस्थान शाखा कार्यालय वीरगञ्जकी प्रमुख उर्मिला आचार्यले एक पत्र जारी गर्दै महुवन मठको कित्ता नम्बर २७६ मा रहेका सबै अनधिकृत घर/टहरा ७ दिनभित्र हटाउन आदेश दिएकी छिन् । लामो समयदेखि अतिक्रमणकारीको कब्जामा रहेको सो जग्गा खाली गराउन गुठीले यसपटक वारपारको रणनीति लिएको देखिन्छ ।

सोही पत्रलाई कार्यान्वयन गर्दै सखुवा प्रसौनी गाउँपालिकाका अध्यक्ष जसवन्त यादवले सार्वजनिक सूचना जारी गरी ७ दिनभित्र संरचना नहटाए 'बल प्रयोग' गरिने चेतावनी दिएका छन्। अध्यक्ष यादवले भने, "धार्मिक सम्पत्तिको रक्षा गर्नु हाम्रो दायित्व हो । यदि कसैले अटेर गरेमा सुरक्षा निकायको सहयोगमा डोजर चलाइनेछ र सो कार्यमा लाग्ने खर्चसमेत अतिक्रमणकारीबाट नै असुल गरिनेछ।"



महुवन मठको जग्गा विगतमा पटकपटक खाली गराउने प्रयास भए पनि राजनीतिक हस्तक्षेप र पूर्वाग्रहका कारण सफल हुन सकेको थिएन। स्थानीय बासिन्दा उप्रान्त यादवका अनुसार राजनीतिक दाउपेचले गर्दा यसअघिका प्रयासहरू निष्प्रभावी बनेका थिए । "अहिले गुठी संस्थान र गाउँपालिका दुवैले एकैसाथ कडा कदम चालेपछि मठको सम्पत्ति जोगिनेमा हामी आशावादी छौँ," यादवले बताए।

७ दिनको समयसीमाभित्र स्वतः संरचना नहटेमा गाउँपालिकाले सुरक्षा निकायको सहयोगमा भौतिक कारबाही गर्ने तयारी गरेको छ । स्थानीय प्रशासनले यसलाई धार्मिक सम्पदा संरक्षणको अभियानका रूपमा लिएको छ । वर्षौंदेखि विवादको घेरामा रहेको यो मुद्दा अब 'फास्ट ट्र्याक' मा समाधान हुने सङ्केत देखिएपछि स्थानीय भक्तजन र नागरिक समाजमा खुसीयाली छाएको छ।

# मधेशबाट एमालेको समानुपातिकमा को को परे ?

**टुडे समाचारदाता**

जनकपुरधाम। आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि नेकपा (एमाले) ले निर्वाचन आयोगमा बुझाएको समानुपातिक उम्मेदवारको बन्दसूचीमा मधेशबाट २० जनाको नाम सिफारिस गरेको छ।

पेश गरिएको बन्द सूचीमा मधेशबाट सबभन्दा बढी धनुषा जिल्लाबाट ७ जनाको नाम सिफारिस गरिएको छ। यस्तै सिरहा र रौतहटबाट ३/३ जना, सर्लाही र बाराबाट २/२ जना, सप्तरी, महोत्तरी र पर्साबाट एक/एक जनाको नाम सिफारिसमा परेको छ।

एमाले बुझाएको बन्द सूची अनुसार धनुषाबाट उर्मिलादेवी पासवान, यशोधा कुमारी यादव, मञ्जु महतो, रेणु साह, अरविन्द साह, रामचरित्र साह र चन्देश्वर यादव रहेका छन भने सप्तरीबाट असरा देवी चौधरी, महोत्तरीबाट अनिल सिंह, सर्लाहीबाट सर्मिला कुमारी यादव, रुही नाजको नाम सिफारिस गरिएको छ।

यस्तै पर्साबाट विचारी प्रसाद यादव, बाराबाट एकवाल मिया, अंशु नेपाली र रौतहटबाट अंशु सिंह, बबिता दास कर्ण, सचितानन्द साह र सिरहाबाट आशा कुमारी यादव, चन्देश्वर मण्डल राजेश अग्रवाहको नाम सिफारिसमा परेको छ । पर्सा, महोत्तरी र सप्तरी जिल्लालाई पूर्ण रूपमा बेवास्ता गरिएको भन्दै पार्टीका कार्यकर्ता र स्थानीयहरूले तीव्र असन्तुष्टि व्यक्त गरेका छन्।

बन्दसूचीमा मधेस प्रदेशबाट कुल २० जनाको नाम विभिन्न क्लस्टरमा समावेश भए पनि पर्सा, सप्तरी र महोत्तरीबाट एक/एक जनाको नाम मात्र सिफारिस गरिएको भनी नेता कार्यकर्ताहरुले असन्तुष्टि व्यक्त गरेका हुन्। यसले समग्र मधेस प्रदेशलाई नै पार्टी नेतृत्वले प्राथमिकतामा नराखेको स्पष्ट सन्देश दिएको विश्लेषकहरू बताउँछन्।

पार्टी अध्यक्ष केपी शर्मा ओलीको गृह जिल्ला झापाबाट विभिन्न क्लस्टरमा ९ जनाको नाम समावेश भएको तथ्याङ्कले नेतृत्वको पक्षपातपूर्ण निर्णयलाई उजागर गरेको छ। मधेस प्रदेशका अन्य जिल्लाहरू; धनुषा, सिराहा, रौतहट र सर्लाहीलाई भने उल्लेख्य प्राथमिकता दिइएको देखिन्छ।

गत आम निर्वाचनमा समानुपातिकतर्फ एमालेलाई झन्डै ४३ हजार मत दिएको पर्सा जिल्ला यस पटक एक्लो नाम मात्रमा सीमित भएको छ। विचारी प्रसाद यादव पूर्व संविधानसभा सदस्य र मधेस प्रदेश एमाले उपाध्यक्ष हुँदाहुँदै उनको नाम आठौँ नम्बरमा परेकाले उनी सांसद बन्ने सम्भावना न्यून छ। यादवमाथि संसदीय विकास कोष दुरुपयोग र जिल्लामा गुटबन्दीको आरोप पनि लाग्दै आएको छ।

विश्लेषकहरूका अनुसार, एमालेले मधेस प्रदेशमा सङ्गठन बलियो नभएका वा गत निर्वाचनमा कमजोर मत प्राप्त गरेका जिल्लाहरूलाई बढी प्राथमिकता दिएको देखिन्छ। पर्सा भने एमालेको लागि परम्परागत रूपमा राम्रो मत दिने जिल्ला हो । यसअघि भएका प्रतिनिधिसभा, प्रदेशसभा र स्थानीय तह निर्वाचनमा पर्साले उल्लेख्य परिणाम दिएको भए तापनि यस पटकको बन्द सूचीले पर्सालाई पूर्ण उपेक्षा गरेको त्यहाँको नेताहरुको भनाई छ।

राजनीतिक विश्लेषकहरूका अनुसार, बन्द सूचीले एमालेको मधेस प्रदेशमा गम्भीर कमजोरी उजागर गरेको छ। प्रदेशमा एमालेको मत आधार खस्कँदै गएको बेला पर्सा जस्तो बलियो जिल्लालाई उपेक्षा गर्नु नेतृत्वको रणनीतिक भूल हो। अध्यक्ष ओलीको केन्द्रीकृत निर्णय प्रक्रियाले पार्टीभित्रै असन्तोष बढाएको छ।

# तिलाठी बालविवाहमुक्त गाउँपालिका

**टुडे समाचारदाता**

राजविराज।सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकालाई बाल विवाहमुक्त गाउँपालिका घोषणा भएको छ । बालविवाह न्यूनीकरण गर्दै समाजलाई स्वस्थ र सुरक्षित बनाउने उद्देश्यसहित घोषणा गरिएको हो ।



स्थानीय सरकारका प्रतिनिधि, जनप्रतिनिधि, सुरक्षाकर्मी, विभिन्न सङ्घ-संस्था, विद्यालयका शिक्षक, अभिभावक तथा समुदायका अगुवाको उपस्थितिमा आयोजित कार्यक्रममा उक्त वक्ताहरूले बाल अधिकार सुनिश्चित गर्न बाल विवाह अन्त्य अपरिहार्य रहेको उल्लेख गर्दै यस घोषणाले समाजमा सकारात्मक सन्देश प्रवाह गर्ने विश्वास व्यक्त गरेका थिए।

उनीहरूले बालबालिकालाई शिक्षामा प्रोत्साहन गर्ने, समुदायस्तरमा सचेतना अभिवृद्धि गर्ने र कानुनी व्यवस्था कार्यान्वयनमा सबै क्षेत्रको सहकार्य आवश्यक रहेकोमा जोड दिए। सो कार्यक्रममा बाल विवाहविरुद्ध सामुदायिक प्रतिबद्धता सार्वजनिक गरिएको थियो । विद्यालय, अभिभावक, महिला समूह तथा युवा समूहले बालविवाह हुन नदिन सक्रिय भूमिका निर्वाह गर्ने सङ्कल्पसमेत व्यक्त गरेका छन् ।

तिलाठी कोइलाडी गाउँपालिकाका अध्यक्ष अरुणकुमार मण्डलको अध्यक्षतामा बुधबार आयोजित कार्यक्रममा, प्रमुख प्रशासकीय अधिकृत सरोजकुमार कर्ण, प्रेस जनमतका केन्द्रीय अध्यक्ष अवधेश झा, नेपाल पत्रकार महासङ्घ सप्तरीका सल्लाहकार वैद्यनाथ यादव, सेभ द चिल्ड्रेनका प्रतिनिधि मकरबहादुर सार्की तथा बालकल्याण अधिकारी शैलेन्द्र सिंहले शुभकामना मन्तव्य व्यक्त गर्दै पालिकामा बालविवाह हुन नदिन सरोकारवाला सबै सधै निगरानी गरिरहनु पर्ने बताए।

# रौतहटमा १५ हजार मतदाता थपिए

**टुडे समाचारदाता**

गौर । आगामी फागुन २१ गते हुने भनिएको प्रतिनिधिसभा निर्वाचनका लागि रौतहटमा करीब १५ हजार मतदाता थपिएको छ।

गत असोज १० देखि मङ्सिर ५ गतेसम्म सङ्कलन गरिएको मतदाता नामावलीमा १४ हजार ९१८ नयाँ मतदाता थपिएको जिल्ला निर्वाचन कार्यालय रौतहटका जिल्ला निर्वाचन अधिकृत छोटेलाल दासले जानकारी दिए। निर्वाचनको मिति तोकिँदा रौतहटमा चार लाख २१ हजार ६ सय ९३ मतदाता भएको थियो।




जिल्ला निर्वाचन कार्यालय रौतहटका अनुसार २०७९ सालको निर्वाचनमा रौतहटमा पुरुष मतदाता दुई लाख २७ हजार २२९, महिला मतदाता एक लाख ८८ हजार २२५ र तेस्रो लिङ्गी मतदाता एक जना गरी कुल चार लाख १५ हजार चार सय ५५ मतदाता थिए।

२०७९ को निर्वाचनको समयभन्दा जिल्लामा २१ हजार एक सय ५६ जना मतदाता थपिएको जिल्ला निर्वाचन अधिकारी दासले बताए। २०७९ को प्रतिनिधिसभाको निर्वाचनमा जिल्लामा पाँच सय २३ मतदान केन्द्र रहेकोमा यसवर्ष १८ वटा थप भएर पाँच सय ४१ वटा मतदान केन्द्र कायम भएको उनले बताए।

त्यस्तै, एउटा मतदानस्थल थप भएर दुई सय ७७ मतदानस्थल कायम भएको उनले बताए । प्रतिनिधिसभा निर्वाचनका लागि जिल्ला निर्वाचन कार्यालय रौतहटले तीव्र रुपमा तयारी बढाएको बताउनुहुँदै जिल्ला निर्वाचन अधिकारी दासले आगामी माघ २ गते ४ वटै निर्वाचन क्षेत्रमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिने बताए।

# ब्रिटिस सेनाविरुद्ध नेपाली सेनाको २११ औँ विजय उत्सव




**टुडे समाचारदाता**

वीरगञ्ज । पर्सा जिल्लाको ऐतिहासिक स्थल पर्सागढीमा नेपाली सेनाले ब्रिटिस सेनामाथि हासिल गरेको विजयको सम्झनामा २११ औँ पर्सागढी विजय उत्सव मनाइने भएको छ।

पर्सागढी नगरपालिका, पर्सागढी मन्दिर व्यवस्थापन समिति तथा नेपाली सेनाको श्रीजंग गण, वीरगञ्जको संयुक्त आयोजनामा उक्त विजय उत्सव यही पुस १९ गते भव्य रूपमा आयोजना गरिने जनाइएको छ।

स्थानीयवासीको सहयोगमा नेपाली सेनाले रातको समयमा राँको बाल्दै ब्रिटिस सेनामाथि विजय हासिल गरेको ऐतिहासिक घटनाको स्मरणस्वरूप प्रत्येक वर्ष यो उत्सव मनाइँदै आएको छ । विजय उत्सवको तयारीबारे जानकारी दिन युद्धस्थलमै पत्रकार सम्मेलन आयोजना गरी नगरपालिकाका स्वास्थ्य तथा सामाजिक विकास शाखा प्रमुख नारायण पौडेलले कार्यक्रमसम्बन्धी विस्तृत विवरण प्रस्तुत गरे।

उनका अनुसार, वि.सं. १८७१ साल पुस १८ र १९ गते इस्ट इन्डिया कम्पनीअन्तर्गतको ब्रिटिस सेनासँग भएको भीषण लडाइँमा नेपालले ऐतिहासिक विजय हासिल गरेको थियो । उक्त युद्ध पर्सागढीकै स्थानीय वीर योद्धा रञ्जित चौधरीको नेतृत्वमा लडिएको इतिहास रहेको पौडेलले बताए।

विजय उत्सवका अवसरमा पर्सागढी नगरपालिकाभित्र रहेका १४ वटा सामुदायिक विद्यालयका विद्यार्थीहरू झाँकीसहित कार्यक्रममा सहभागी हुनेछन् । साथै मधेश प्रदेशका पर्यटन मन्त्री, पर्सा जिल्लाका १४ वटै स्थानीय तहका प्रमुखहरू तथा विभिन्न विशिष्ट व्यक्तित्वहरूलाई समेत कार्यक्रममा आमन्त्रण गरिएको छ।

उत्सवका क्रममा खुकुरी नाच, नेपाली सेनाको ब्याण्ड बाजा, स्थानीय थारू समुदायको सांस्कृतिक नृत्य प्रस्तुत गरिनेछ भने ऐतिहासिक र्याली पनि निकालिने कार्यक्रम तय गरिएको छ । त्यसैगरी वीर पुर्खाहरूलाई सम्मान गरिनुका साथै स्थानीय उत्पादनको प्रवर्द्धनका लागि विभिन्न स्टलहरू समेत राखिनेछ।

पत्रकार सम्मेलनमा पर्सागढी मन्दिर व्यवस्थापन समितिका अध्यक्ष रामजनम चौधरी, पर्सागढी नगर प्रमुख गोकर्ण पाठक तथा समाजसेवी बृजमोहन चौधरीले पर्सागढीको लडाइँले नेपालको सार्वभौमिकता जोगाउन महत्वपूर्ण भूमिका खेलेको बताए। उनीहरूले यो संघर्ष केवल स्थानीय स्तरको नभई सम्पूर्ण राष्ट्रको अस्तित्व र राष्ट्रियताका लागि लडिएको ऐतिहासिक युद्ध भएको धारणा राखेका थिए।

# असहाय परिवारलाई कम्बल वितरण

**टुडे समाचारदाता**

जनकपुरधाम । गत साताेदेख अत्यधिक बढेको चिसो र शितलहरको दृष्टिगत गर्दै मधेश प्रदेश सरकारको सहयोगमा विपद् व्यवस्थापन समितिले लक्षित असहाय परिवारहरुलाई कम्बल वितरण गरेका छन् ।

नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल रेडक्रसको अगुवाइ र स्थानीय तहको समन्वयमा मधेश प्रदेश सरकार गृह मन्त्रालयको सहयोगमा जिल्ला विभिन्न ठाउँका लक्षित विपन्न, असहाय, अशक्तहरूको बस्तीलाई आधार मानेर वितरण कार्य भइरहेको प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइटेलले जानकारी दिएका छन्। उनले भने नेपाल रेडक्रस सोसाइटी र स्थानीय तहले लक्षित पिडीतवर्ग गरीब, विपन्न र असहाय परिवार पहिचान र वितरणमा ठूलो सहयोग गरिरहेको छ।



गत दुई दिनको अवधिमा विपत् व्यवस्थापन समितिले ७५० परिवारलाई कम्बल वितरण गरिसकेको प्रमुख जिल्ला अधिकारी लुइटेलले जानकारी दिएका छन् । उनका अनुसार नगराई नगरपालिकाको वडा नम्बर ३, ४ र ५ मा १४०, जटही प्रहरी चौकी मार्फत १२०, मुखियापट्टी मुसहरनिया गाउँपालिकामा एक सय र जनकनन्दनी गाउँपालिकामा १४० परिवारलाई चिसो छल्न कम्बल वितरण गरिएको हो।

यस्तै बुधवार धनुषाको मिथिला नगरपालिका वडा नम्बर १० लालगढमा १५० र शहीदनगर नगरपालिका वडा नम्बर ८ डुमरिया टोलमा एकसय परिवारलाई कम्बल वितरण गरिएको थियो। यसअघि प्रदेशका राजधानी जनकपुरधामका विभिन्न चोक र अत्यावश्यक कामका आउने तथा भीडभाड हुने स्थानमा जिल्ला विपद् व्यवस्थापन समितिबाट अगेनाका लागि दाउरा वितरण समेत गरिएको छ।

बढ्दै गएको चिसो र शितलहरबाट पिडीत अहसाय र विपन्न वर्गलाई जाडोबाट राहतका लागि प्रदेश सरकारसँग आग्रह गरी एक हजार कम्बल प्राप्त भएको छ। सोही प्राप्त सहयोगका कम्बलहरु गरीब र विपन्न असहाय परिवारलाई जिल्ला विपद् व्यवस्थापन समिति मार्फत वितरण भइरहेको जानकारी दिए।

उनले भने नेपाल सरकारको राष्ट्रिय विपद् व्यवस्थापन समिति र विभिन्न संघ संस्थाहरुलाई अत्यधिक बढेको चिसोको मारमा परेका असहाय, विपन्न र गरीब परिवारलाई राहत सक्दो चाँडै उपलब्ध गराउन आग्रह गर्दै आएका छौं । अहिलेसम्म कहीँबाट सहयोग नभएपनि मधेश प्रदेश सरकारबाट एक हजार कम्बल प्राप्त भएको छ।

चिसो बढदै गएको प्रदेश सरकारबाट कुनै राहत उपलब्ध गराइएन भने आलोचना हुन थालेपछि मधेश प्रदेश सरकारले नेपाली सेनासँग ५ हजार कम्बल वितरण गरेको छ । प्रदेशका सबै जिल्लामा आवश्यकताको आधारमा कम्बल जिल्ला विपद् व्यवस्थापन समिति मार्फत वितरण भइरहेको छ।







जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८